मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

● वर्ष ३ ● अंक ८८ ● २०८१ साल माघ २४ गते बिहीबार ● Thursday 06, February 2025 ● सूर्योदय: बिहान ६:४८ बजे ● सूर्यास्त: साँझ ५:५१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

प्रधानमन्त्री भन्छन्,'चिया निर्यातका समस्या समाधानको पहल गरिनेछ'
समाचार पृष्ठ ५ मा



# अध्यादेशले जसपा नेपाललाई लाभको संकेत

## उपप्रधानमन्त्री, गृहमन्त्रीसहित मधेशमा मुख्यमन्त्रीको 'सफर'मा 'अफर'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एमाले अध्यक्ष केपी शर्मा ओलीको समर्थनमा पार्टी विभाजन गरिदिए पनि केपी शर्मा ओली सरकारलाई समर्थन गरिरहेको तर राष्ट्रिय र प्रदेश राजनीतिमा पाखा पारिएको जनता समाजवादी पार्टी (जसपा) नेपाल, सरकारले ल्याएको अध्यादेशपछि एकाएक सरकारका लागि रामवाण सावित हुने अवस्थामा पुगेको छ । अघिल्लो सरकारमा रहँदा नै नेकपा एमालेका अध्यक्ष ओलीको उक्साहटमा तत्कालीन प्रधानमन्त्री प्रचण्डले पार्टी विभाजन गराएर कमजोर बनाइदिएपछि प्रचण्ड र ओलीसँग दूरी बनाइरहेका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव फेरि एकपटक बहुमतको ठूला दलहरु कांग्रेस एमाले नेतृत्वको सरकारमा सफरका लागि तयार भएको संकेत मिलेको छ । यसको मूल कारण चैँ सरकारले ल्याएको अध्यादेश, ६ महिना सरकारलाई समर्थन गरेर धैर्य बनेको प्रतीक्षाको फल र पार्टी विभाजनपछि पनि मधेशको राजनीतिमा स्थिर र सुदृढ देखिएको पार्टी संगठन नै हो ।



शुरुदेखि नै नेपाली कांग्रेस सकारात्मक रहे पनि एमाले अध्यक्ष ओली उपेन्द्र यादवसँग चिढिएका थिए, तर अहिले भने आफ्नै सरकारमा यादवलाई पनि उपप्रधानमन्त्रीसहित रोजेको मन्त्रालय दिएर अध्यादेश पारित गराउने र माओवादीसहितका गठबन्धनमा जसपा नेपाललाई रोक्ने राजनीतिक सूत्रमा कांग्रेस एमाले एक भएपछि उपेन्द्र यादवलाई मधेशमा ७ महिनामै गुमेको सत्ता फर्कने संकेत छ, योसँगै केन्द्र सरकारमा पनि बलशाली मन्त्रालय, उपप्रधानमन्त्री, अर्को एउटा मन्त्रालय र राज्यमन्त्रीको पनि अफर सत्तापक्षले गरेको स्रोतको भनाइ छ । जसपा नेपालका अध्यक्ष यादवले बुधबार साँझ फेसबुकमा लेखेका छन, 'अहिले नै अध्यादेशको समर्थन गरेको भनेर आएका प्रजारबाजी गलत हुन् । जसपा नेपालको कार्यदलले बिहीबार अध्यादेशबारे प्रतिवेदन बुझाएपछि धारणा बनाउने छ ।'

वैशाखमा पार्टी विभाजन भएर अशोक राई समूहले जनता समाजवादी (जसपा) मात्रै बनाएपछि प्रतिनिधिसभामा पाँच र राष्ट्रिय सभामा तीन सिट रहेको जनता समाजवादी पार्टी नेपाल सरकारले ल्याएको अध्यादेश पारित गर्ने कि नगर्ने भन्नेमा निर्णायक भएपछि उपेन्द्र यादवको निस्क्रिय पारिएको भूमिका एकाएक बलियो भएर सत्ता बार्गेनिङकै विषय बनेपछि एमाले अध्यक्ष एवम् प्रधानमन्त्री ओली जसपा नेपाललाई पनि सँगै लिएर अध्यादेश पारित गराउने अवस्थामा पुगेको बताइएको छ । ओली सरकारलाई समर्थन गरेर संघ तथा प्रदेशका सरकारमा सहभागी नभएको जसपा नेपालको ध्यान यतिखेर केन्द्रमा गृहमन्त्रालयतिर सोझिएको छ भने प्रदेशमा उसले सातवर्ष नेतृत्व गरेको मधेश प्रदेशका मुख्यमन्त्रीमै केन्द्रित गरेको जसपा नेपाल स्रोतको भनाइ छ । उसो त सरकारमा उपप्रधानमन्त्रीसहित स्वास्थ्य मन्त्रालय नै जसपा नेपाललाई दिन कांग्रेस एमाले गठबन्धन तयार भइरहँदा जसपा नेपालले आफ्नो सामथ्र्य अरु बढाएर गृहमन्त्रालय नै मागेको बताइएको छ । उपप्रधानमन्त्री, स्वास्थ्यसहित अर्को एउटा मन्त्रालय र राज्यमन्त्री दिन गठबन्धन तयार भइरहँदा जसपा नेपाल भने गृहमन्त्रालय मागिरहेको छ । सरकारलाई राष्ट्रिय सभामा जसपा नेपालको साथविना बहुमत नपुग्ने भएकाले ६ वटा अध्यादेश पास गराउन जसपा नेपाललाई गृहमन्त्रालयसमेत दिनु पर्ने बाध्यता देखिएपछि जसपा नेपालले पनि यसलाई आफ्नो एजेण्डा बनाएको छ । गृह मन्त्रालय पाए जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव आफैँ सरकारको नेतृत्व गरेर जाने बताइएको छ । अन्य मन्त्रालय भने संघमा जसपाका मन्त्रीहरुबाट घटाएर जसपा नेपाललाई दिने र मधेश प्रदेशमा जनमत नेतृत्वको मुख्यमन्त्रीको ठाउँमा जसपा नेपाललाई दिनेमा पनि कांग्रेस एमाले गठबन्धन लगभग तयार भएका छन् । मधेशमा जनमतले नेतृत्व गरिरहेको सरकारमा सहभागी कांग्रेस एमाले नै असन्तुष्ट भइरहँदा मंसिरमा सम्पन्न स्थानीय तह उपनिर्वाचनमा पनि स्थिर, सुदृढ संगठन जसपा नेपालकै देखिएकाले जसपा नेपाललाई किनारा पारेर माओवादीसहित दलहरुको कित्तामा पुर्याउन नहुनेमा कांग्रेस सभापति देउवाले प्रधानमन्त्री ओलीलाई पनि मनाएको स्रोतको दाबी छ । पछिल्लो समय प्रधानमन्त्री ओली आफ्नो सरकारले ल्याएको अध्यादेश पारितका लागि पनि उपेन्द्र यादवप्रति लचक बनेका छन् । सत्तापक्षका एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओली र नेपाली कांग्रेसका सभापति देउवाले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई फोन गरेर अध्यादेशमा सहयोग गर्न आग्रह गरिसकेका छन् । विपक्षी नेकपा माओवादी केन्द्रका अध्यक्ष 'प्रचण्ड'ले पनि यादवलाई सम्पर्क गरेर अध्यादेशविरुद्ध उभिन आग्रह गरिरहँदा सत्ता बाहिर रहेको र मधेशको सत्ता गुमेको चोट सहिरहेको जसपा नेपाल भने अध्यादेशमा केही सुधार र सुझावसहित सरकारमा जाने दाउपेचका रुपमा उभिएको पाइएको छ । एमाले–कांग्रेस गठबन्धनमा पनि केन्द्र छाडेर भए पनि मधेश प्रदेशमा सरकारको नेतृत्व लिनेमा सोचमा रहेको जसपा नेपालले मधेशमा पनि जनमतलाई मुख्यमन्त्री छाड्नु परेको थियो । त्यतिखेर देउवा सकारात्मक भए पनि ओलीले चासो नदिएपछि चिढिएर बसेका उपेन्द्र यादवका लागि यतिखेर एकसाथ दुवै हातमा लड्डु मिल्ने संकेत छ । बिहीबार राजकिशोर यादव नेतृत्वको कार्यदलले अध्यादेशबारे प्रतिवेदन बुझाएपछि जसपा नेपालले अध्यादेशको समर्थनमा उभिने या नउभिने निर्णय गर्नेछ । यदि उसले अध्यादेशका पक्षमा उभिने निर्णय गरे केन्द्रमा मन्त्रिमण्डल हेरफेर हुनेछ भने मधेशमा पनि प्रदेश सरकार हेरफेरको संकेत देखिनेमा शंका छैन । बजेट बनाएर खर्च गर्न नसक्दा एमाले कांग्रेसका नेता कार्यकर्ताको चर्को दबाब खेपिरहेको मधेश प्रदेश सरकारका एमाले कांग्रेसका मन्त्रीहरु पनि जनमत नेतृत्वको मुख्यमन्त्री फेर्न चाहिरहेका छन् । यहीबेला सबैतिर बदला लिने मौका भने जसपा नेपाल र उपेन्द्र यादवलाई जुरेको छ ।

### राष्ट्रिय सभामा अवस्था

राष्ट्रियसभामा वामदेव गौतमले कांग्रेस–एमालेलाई सहयोग गरे पनि अध्यादेशमा बहुमत पु¥याउन एक सिट अभाव छ । राष्ट्रिय जनमोर्चासँग एक सिट भए पनि उसले खुलेरै अध्यादेशमा सहयोग नगर्ने स्पष्ट पारेको छ । जसपा नेपालले सरकारलाई दबाब दिन र अध्यादेशबारे अध्ययन गर्न उपाध्यक्ष राजकिशोर यादवको नेतृत्वका पाँच सदस्यीय कार्यदल गठन गरेको छ । दुई दिनदेखि सिंहदरबारमा कार्यदलको बैठक चलिरहेको छ । विभिन्न विज्ञ बोलाएर सिंहदरबारमै छलफल चलाएपछि यसले सरकारमाथि ठूलो दबाब परेको छ । कार्यदलले दिने प्रतिवेदनका आधारमा जसपा नेपालले अध्यादेशमा समर्थन गर्ने–नगर्ने निर्णय लिने जसपा नेपालका सचिव शैलेन्द्र साहले बताए । जसपा नेपालसँग तीन सिट छ । राष्ट्रिय सभामा कांग्रेसको १६, एमालेको १२ (वामदेव गौतम र मनोनीत अञ्जना शाक्यसहित) छन् । त्यस्तै लोसपाका एक जना छन् । अर्थात् गठबन्धनसँग जम्मा २९ सांसद मात्र छन् । ५९ सदस्यीय राष्ट्रियसभामा बहुमतका लागि ३० सांसद चाहिन्छ । राष्ट्रिय जनमोर्चाले शुरुमै अध्यादेशमा सहयोग नगर्ने स्पष्ट पारिसकेको छ । जसका कारण यतिबेला जसपा नेपाल निर्णायक शक्ति बनेको हो ।

### जसपाको पनि झोक

जनता समाजवादी पार्टी बनाइएपछि जसपा नेपालले सर्वोच्च अदालतमा हालेको मुद्दा विचाराधीन छ । सरकारले नै यो मुद्दा लम्ब्याइरहेको जसपा नेपालको बुझाइ छ । यस्तोबेला सरकारलाई जसपा नेपालको सहयोग अपरिहार्य भएकाले कांग्रेस एमाले जसपा नेपालको मागप्रति लचक बन्नुको विकल्प छैन । योसँगै सत्ता गठबन्धनलाई मधेश प्रदेशको सरकारको नेतृत्व पनि जसपा नेपाललाई नै फर्काउनु पर्ने अर्को बाध्यता बहुमत पुग्न नपुगेको त्यही तीन सिटमा अड्किएको छ ।

### राउतको असन्तुष्टि

केन्द्र सरकारलाई समर्थन गरेर मधेशमा मुख्यमन्त्री पाए पनि जनमत पार्टीका अध्यक्ष डा.सिके राउतको बेलाबेलाको हर्कत र व्यवहारबाट प्रधानमन्त्री ओली असन्तुष्ट छन् । पटकपटक बालुवाटारमा सरकारलाई सहयोग गर्ने प्रतिवद्धता जनाए पनि फेसबुकमा प्याच्चपयच्च लेख्ने राउतको बानी अनि मधेशमा पार्टी फुट्दा एउटा पनि प्रदेश सांसद फुटाउन नसकेको र स्थानीय तह उपनिर्वाचनमा पनि बलियो देखिएपछि पछिल्लो समय प्रधानमन्त्री केपी शर्मा ओली पनि उपेन्द्र यादवसँग सम्बन्ध बढाएर अर्को वर्ष राष्ट्रिय सभामा आफ्नो सिट बढाउने सोचमा पुगेका हुन् । ओली र यादवको टाढिएको सम्बन्ध एकाएक निकट बनाउने काममा घुमाउरो पाराले राउतको पनि हात देखिएको छ ।

### ४७ सदस्यीय सल्लाहकार समिति

जनता समाजवादी पार्टी नेपालले ४७ सदस्यीय सल्लाहकार समिति गठन गरेको छ । हालै सम्पन्न कार्यकारिणी समितिको बैठकले समिति गठन गरेको हो । समितिमा सुमनकुमार चौधरी, नवलकिशोर यादव, सत्यनारायण मेहता, भुवनेश्वर यादव, डा.महादेवप्रसाद देव, सूर्यनारायण यादव, शितलप्रसाद यादव, विमलप्रसाद साह, डा.दिलिपकुमार यादव, सदानन्द सिंह, शारदाप्रसाद ब्रजाचार्य, सत्यनारायण मण्डल, विजयकुमार मण्डल, श्याम यादवलगायतका छन् ।

विभागीय प्रमुखहरु चयन

जसपा नेपालका विभिन्न विभागीय प्रमुखहरु पनि चयन भएको छ । संगठन विभाग प्रमुखमा लालबाबु राउत र उपप्रमुखमा लाक्पा शेर्पा, अन्तराष्ट्रिय सम्बन्ध विभाग प्रमुखमा अर्जुन थापा र उपप्रमुखमा रेणुका सिंहलाई जिम्मेवारी तोकिएको छ । प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुखमा पूर्णबहादुर बस्नेत र उपप्रमुखमा शम्भु झा, महिला विभाग प्रमुखमा प्रमिला यादव र उपप्रमुखमा शशी लिङ्देन, स्वास्थ्य तथा जनससंख्या विभाग प्रमुखमा डा.सुरेन्द्र यादव, उपप्रमुखमा डा.अब्दुल कलाम अन्सारीलाई जिम्मेवारी दिएको छ ।

सामाजिक सेवा तथा गैरसरकारी संस्था विभाग प्रमुखमा विनिता यादव र उपप्रमुखमा विणा सिन्हा, कृषि तथा भूमि व्यवस्था विभाग प्रमुखमा सञ्जय सिंह र उपप्रमुखमा मालामति राना थारु, वन वातावरण तथा विपद व्यवस्थापन विभाग प्रमुखमा चन्देश्वर पासवान, सहकारी तथा गरिबी निवारण विभाग प्रमुखमा उदयकान्त मिश्र, उपप्रमुखमा रामबहादुर जाग्री, बौद्धिक पेशाकर्मी तथा ट्रेड युनियन विभाग प्रमुखमा हेमचन्द्र महतो, उपप्रमुखमा प्रचण्ड पौडेल, शिक्षा विभाग प्रमुखमा योगन्द्र यादव र उपप्रमुखमा अन्जेस दाहाल तथा उद्योग वाणिज्य तथा आपूर्ति विभाग प्रमुखमा लक्ष्मण गुरुङलाई जिम्मेवारी तोकिएको छ ।

### अध्यादेश पारित हुन्छः सत्तापक्ष

सरकारले संसद्मा प्रस्तुत छवटै अध्यादेश सङ्घीय संसद्(प्रतिनिधिसभा र राष्ट्रियसभा)को बिहीबार बस्ने बैठकबाट पारित गर्ने विश्वास लिएको छ । प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेको उपस्थितिमा प्रतिनिसभामा प्रतिनिधित्व गर्ने प्रमुख दलका मुख्य सचेत र प्रमुख सचेतकको बुधबारको बैठकले संसद्मा प्रवेश पाएका अध्यादेशमाथि दुवै सदनमा छलफल गरी पारित गर्ने सहमति गरेको हो ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले सदन दुवै सदनको बिहीबार बस्ने बैठकमा अध्यादेश प्रस्तुत गर्ने, विरोधको सूचना दर्ता गराउनले मन्तव्य राख्ने, त्यसमा सम्बन्धित मन्त्रीले जवाफ दिने र समूहगत रूपमा निर्णयार्थ प्रस्तुत गरिने कार्यसूचीबारे तय भएको जानकारी दिए ।

# अन्तर्राष्ट्रिय मेगा एग्रो एक्स्पो हुने



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**

तीनदिने कृषि तथा स्वास्थ्य महोत्सव सहमेगा एग्रो २०२५ को नवौँ अन्तर्राष्ट्रिय सम्मेलन फ्रेबुअरी ७ देखि बेनीपट्टी प्रखण्डको बसैठ चानपुरा कृषि विज्ञान केन्द्रमा आयोजना हुने भएको छ । एक्स्पोको उद्घाटन केरलका गभर्नर राजेन्द्र विश्वनाथ अर्लेकरले गर्नेछन् । महोत्सव आयोजनाको जानकारी एसके चौधरी एजुकेशन ट्रष्ट, कृषि विज्ञान केन्द्रका अध्यक्ष सन्तकुमार चौधरीले पत्रकार सम्मेलन गरेर दिएका हुन् ।

उनले केरलका गभर्नर अर्लेकरले फेब्रुअरी ७ मा उद्घाटन गर्ने जानकारी दिए । बिहार सरकारका विज्ञान तथा प्राविधिमन्त्री सुमितकुमार सिंह र विभिन्न देशका राजदूत, जनकपुरधामका मेयर मनोजकुमार साहको पनि एक्स्पोमा विशेष उपस्थिति रहनेछ । राज्यसभा सांसद सञ्जय कुमार झाले फ्रेबुअरी ८ मा अन्तर्राष्ट्रिय सम्मेलन उद्घाटन गर्नेछन् । खाद्य तथा उपभोक्ता मन्त्री लेशी सिंहले फ्रेबुअरी ९ मा सहभागिता जनाउनेछन् । समारोहमा बिहार सरकारका मन्त्री प्रेम कुमार, नितिश मिश्र, पूर्व विधायक विनोद नारायण झा, अरुण शंकर प्रसाद र धेरै विधायक सहभागी हुनेछन् ।






# वीरगंजमा 'इभी'को बिक्रेता शशीला मोटर्सको शोरुम सञ्चालन

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजमा विद्युतीय गाडी(इभी)को बिक्रेता शशीला मोटर्स प्रालिको शोरुम सञ्चालनमा आएको छ । वीरगंज महानगरपालिका वडा नम्बर ११ प्रतिमा चोकमा बुधबारदेखि शशीला मोटर्सको शो रुम सञ्चालनमा आएको हो ।

मधेश प्रदेश सभा सदस्य एवम् पूर्व राज्यमन्त्री रहबर अन्सारीले शो रुमको उद्घाटन गर्दै नेपालका जनताले अब इलेक्ट्रिक नेता रोज्नुपर्ने बताए । उनले नेपालमा पछिल्लो समय विद्युतीय गाडीको आयात बढ्दा देशलाईपनि आर्थिक रुपमा धेरै फाइदा भइरहेको बताए । उनले राजनीतिक दलका नेता र जनप्रतिनिधिले पनि विद्युतीय गाडीको प्रयोगमा जोड दिनुपर्ने बताए । कार्यक्रममा शशीला मोटर्सका प्रबन्ध निर्देशक सन्तोष खतिवडाले काठमाडौँ उपत्यका बाहिर पहिलो शाखा वीरगंजमा सञ्चालनमा ल्याइएको बताए । काठमाडौँमा सन् २०१५ मा शशीला मोटर्सको पहिलो शाखा सञ्चालनमा ल्याइएको जानकारी दिँदै उनले वीरगंजपछि अब छिट्टै बर्दिबास, दाङ, नेपालगन्ज र बुटवलमा पनि शाखा खोल्ने तयारीमा रहेको बताए । शशीला मोटर्सको शोरुममा किटोन, हाऊगर, भेन्चीका माइक्रो, मिनि बस, चेरीहोण्डा बस, सिटीबस, कोचबस लगायतका विद्युतीय गाडीको बिक्री गरिने शशीला मोटर्सका महाप्रबन्धक अशोकराज सुबेदीले जानकारी दिए ।




# वीरगंज नाका हुँदै भटमास र सूर्यमुखी तेलको निर्यात बढ्यो

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज नाका हुदैँ चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा भटमास र सूर्यमुखीको प्रशोधित तेल विदेशी मुलुकमा निर्यात बढेको छ । वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी अमित तिवारीका अनुसार चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा रु ११ अर्ब ९९ करोड १८ लाखको पाँच करोड ६० लाख ६६ हजार लिटर भटमासको तेल निर्यात भएको छ । गत आवको ६ महिनाको अवधिमा भने तीन करोड ११ लाख रुपैयाँको एक लाख एक हजार तीन सय एक लिटर भटमासको प्रशोधित तेल निर्यात भएको थियो । छिमेकी मुलुक भारतमा भटमास र सूर्यमुखीको प्रशोधित तेलको निर्यात सहज भएकाले निर्यात उत्साहजनक ढङ्गले बढेको उनले जानकारी दिए ।

'अहिले भारततर्फ प्रशोधित तेलको निर्यातमा क्रमशः सुधार देखिएको छ', सूचना अधिकारी तिवारीले भने । चालु आवको ६ महिनाको अवधिमा भटमासको तेल प्रशोधित मात्रै नभएर सूर्यमुखीको प्रशोधित तेलको निर्यात पनि बढेको छ । चालु आवको ६ महिनाको अवधिमा तीन अर्ब २१ करोड ९१ लख रुपैयाँको दुई करोड २८ लाख ४५ हजार लिटर सूर्यमुखीको प्रशोधित तेल निर्यात भएको छ । गत आवको सोही अवधिमा भने नौ करोड ९४ लाख १० हजार मूल्य बराबरको सूर्यमुखीको तेल निर्यात भएको कार्यालयले जनाएको छ ।

# हुन्डी कारोबारमा संलग्न भएको आशंकामा एक जना पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**

पर्सा प्रहरीले हुन्डी कारोबारमा संलग्न भएको आशंकामा एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बिन्दवासिनी गाउँपालिका–३ झौवाका ४३ वर्षीय अजयकुमार साह रहेका छन् । साहलाई बुधबार दिउँसो २ बजे वीरगन्ज महानगरपालिका–१० आदर्शनगरस्थित सडक खण्डबाट पक्राउ गरिएको पर्सा प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक किशोर लम्सालले बताए ।

साहले आफूले लगाएको ट्राकसुटको गोजीमा लुकाएर राखेको सात लाख रुपैयाँ बरामद गरिएको लम्सालले बताए । उनलाई मुलुकी अपराध संहिता २०७४ को दफा १२५ (क) बमोजिम हुण्डी कारोबार गर्न नहुने कसुरमा हिरासतमा राखेर अनुसन्धान थालिएको छ । लम्सालका अनुसार साहबाट बरामद भएको रकमको स्रोत खुलेको छैन । स्रोत नखुलेको रकम हुण्डी कारोबारमा प्रयोग हुने गरेकाले प्रहरीले संलग्नलाई कानुनी दायरामा ल्याउने गरेको छ ।

# दलित अभियान्ताद्वारा काठमाडौँमा प्रदर्शन

**मधेशदृष्टि**
**वीरगंज ।**

दलित अधिकारको माग गर्दै बुधवार माइतीघर मण्डलामा दलित अभियानले विरोध प्रदर्शन गरेको छ । सर्लाहीका सत्येन्द्रकुमार राममाथि अन्तरजातीय विवाहको कारण यातना दिइएको आरोपमा गृहमन्त्री रमेश लेखकविरुद्ध प्रदर्शन भएको हो । सत्येन्द्रले नेहा रौनियारसँग अन्तरजातीय प्रेमविवाह गरेका थिए । तर, उनीविरुद्ध बालविवाहको मुद्दा दायर गर्दै प्रहरीले पटक–पटक यातना दिएको आरोप छ ।

यहाँसम्म कि उनलाई मुम्बई पुगेर पक्राउ गरिएको थियो । प्रदर्शनकारीले गृहमन्त्रीकै निर्देशनमा यातना दिइएको आरोप गृहमन्त्री लेखकको राजीनामा माग गरेका छन् । तर गृहमन्त्री लेखकले उक्त घटनामा आफ्नो संलग्नता नभएको स्पष्ट पारेका छन् । दलित विद्यार्थीहरूले यस घटनालाई जातीय विभेदको नमूना भन्दै माइतीघरमा पत्रकार सम्मेलन पनि गरेका छन् ।

उनीहरूले जातीय भेदभावको अन्त्य र दलित युवामाथिको अन्यायपूर्ण व्यवहारलाई तत्काल रोक्न सरकारसँग माग गरेका छन् ।

# साझेदारी वनसम्बन्धी अन्तरक्रिया

**मधेशदृष्टि**
**वीरगंज ।**

सब डिभिजन वन कार्यालय बसन्तपुरमा सरोकारवालाहरुको साझेदारी वन सम्बन्धि अन्तरक्रिया गोष्ठी उपभोक्ता समिति स्तरीय गोष्ठी आज सम्पन्न भएको छ । कार्यक्रममा वन पैदावर, चोरी तस्करी नियन्त्रण तथा उपभोक्तालाई सहज तरिकाले काठ उपलब्ध गराउने काठको दर रेटको नीति नियम सम्बन्धि उपभोक्ताहरुलाई जानकारी गराइएको थियो । गादीमाई साझेदारी वन व्यवस्थापन समितिका अध्यक्ष सहरुम राउत गद्दीको सभापतित्व तथा डिभिजन वन कार्यालय पर्साका प्रमुख मन्जुर अहमदको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा जगरनाथपुर गाउँपालिका अध्यक्ष श्रीकान्त यादव, नेपाली काङ्ग्रेस पर्साका प्रवक्ता रमेश पाण्डे, सब डिभिजन वन कार्यालय रङ्पुरका सहायक वन अधिकृत उज्जवल यादव, जगरनाथपुर गाउँपालिका वडा नम्बर ३ का वडा अध्यक्ष सुभास यादव जिराभवानी गाउँपालिका वडा नम्बर–५ का वडा अध्यक्ष दारा सिंह राउत थारु लगायत गादीमाई साझेदारी वन व्यवस्थापन समुह पदाधिकारी, स्थानीयहरुको सहभागिता रहेको थियो ।

## "नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था"

## कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जा सुविधाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

**१) ऋणीको नाम र ठेगाना**

स्व. शीवनाथ लाल कर्णको बुहारी, स्व. प्रेमचन्द लाल कर्णको पत्नी जिल्ला पर्सा, जानकीटोला गा.वि.स. वडा नं. ६ घर भई हाल जिल्ला पर्सा विरगंज म.न.पा. वडा नं. १३ (ना.प्र.नं. ६३८३ जारी मिती २०४६/०३/२८ जि.प्र.का. पर्सा) वर्ष ६५ की स्व. **मन्जु देवी कर्ण ।**

**कर्जाको सुरक्षण विवरण**

स्व. शीवनाथ लाल कर्णको बुहारी, स्व. प्रेमचन्द लाल कर्णको पत्नी जिल्ला पर्सा, जानकीटोला गा.वि.स. वडा नं. ६ घर भई हाल जिल्ला पर्सा विरगंज म.न.पा. वडा नं. १३ (ना.प्र.नं. ६३८३ जारी मिती २०४६/०३/२८ जि.प्र.का. पर्सा) वर्ष ६५ की स्व. **मन्जु देवी कर्ण ।** को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा, वी.म.न.पा. वडा नं १३ स्थित कित्ता नं. ८८ को जम्मा क्षेत्रफल ५५.२० व.मी. को घरजग्गा ।

**व्यक्तिगत जमानीकर्ताहरु :**

क) स्व. शिवनाथ लाल कर्णको नाति, स्व. प्रेमचन्द लाल् कर्णको छोरा जानकीटोला गा.वि.स. वडा नं. ६, पर्सा बस्ने (ना.प्र.न.३४-०१-७३-०८५९२ जारी मिति २०७३/०८/१२ जि.प्र.का. पर्सा) बर्ष २४ को **मनिष कर्ण ।**

ख) स्व. शिवनाथ लाल कर्णको नाति, स्व. प्रेमचन्द लाल् कर्णको छोरा जानकीटोला गा.वि.स. वडा नं. ६, पर्सा बस्ने (ना.प्र.न.३४१०३८/३९, जारी मिति २०६५/०८/११ जि.प्र.का. पर्सा) बर्ष ३५ को **रन्जन कुमार कर्ण ।**

ग) स्व. शिवनाथ लाल कर्णको नाति, स्व. प्रेमचन्द लाल् कर्णको छोरा जानकीटोला गा.वि.स. वडा नं. ६, पर्सा बस्ने (ना.प्र.न.१०३८/७३, जारी मिति २०६६/०८/१८ जि.प्र.का. पर्सा) बर्ष ३२ को **रोशन कुमार लाल कर्ण ।**

**२) ऋणीको नाम र ठेगाना**

**क**) लिखितम उधोग औधोगिक ऐन २०४९ को दफा ३ ग बमोजिम मिती २०७३ साल जेष्ठ महिना ६ गते रोज ५ मा नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यलय पर्सा,बिरगंजमा दर्ता भै नं. घ.तथा सा.उ.का.प्रा.फ.पर्सा.नं. ८०६०/०७२/०७३, पंचरुखी वडा नं. २ पर्सा , हाल पर्सागढी न.पा. वडा नं. ५ पर्सा अन्तर्गत दर्ता कायम रहेको कार्यालय श्री भागमती माछापालन फर्म ।

**ख**) स्व. जादोलाल साह कलवारको बुहारी, स्व. रामचन्द्र प्रसाद कलवारको पत्नी, जिल्ला पर्सा सिर्सिया खाल्वाटोला, वडा नं ९ (हाल जिल्ला पर्सा, वीरगंज उ.म.न.पा वडा नं. २८) बस्ने (ना.प्र.न ८८७८१३०९ जारी मिति २०३४/१०/१२ जि.प्र.का. पर्सा) बर्ष ६५ की **भागमति कलवारीन ।**

**कर्जाको सुरक्षण विवरण**

क) स्व. जादोलाल साह कलवारको बुहारी, स्व. रामचन्द्र प्रसाद कलवारको पत्नी, जिल्ला पर्सा सिर्सिया खाल्वाटोला, वडा नं ९ (हाल जिल्ला पर्सा, वीरगंज उ.म.न.पा वडा नं. २८) बस्ने (ना.प्र.न ८८७८१३०९ जारी मिति २०३४/१०/१२ जि.प्र.का. पर्सा) बर्ष ६५ की **भागमति कलवारीन** को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा, श्रीसिया खल्वाटोला वडा नं. ६ स्थित कित्ता नं. ५३८ र ५४० को जम्मा क्षेत्रफल ४७३.१६ व.मी. र २५३.९५ व.मी. को घरजग्गा र जिल्ला पर्सा, पचरुखी वडा नं. २ स्थित कित्ता नं. २२१ को जम्मा क्षेत्रफल १-१६-१४ को घरजग्गा ।

ख) स्व. रामविलास सा कलवारको नाति, स्व. जादोलाल साह कलवारको छोरा, जिल्ला पर्सा, श्रीसिया खल्वाटोला गा.वि.स. वडा नं. ९ बस्ने (ना.प्र.न. ८८७८१३०६ मिति २०४८/०४/१४ जि.प्र.का. पर्सा) बर्ष ६४ को स्व. रामचन्द्र प्रसाद कलवार को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा, श्रीसिया खल्वाटोला वडा नं. ९ स्थित कित्ता नं. १६६ को जम्मा क्षेत्रफल ०-१-१४-१६ को घरजग्गा र जिल्ला पर्सा, पण्चरुखी वडा नं. २ स्थित कित्ता नं. १२३ र १२ को जम्मा क्षेत्रफल क्रमश: ०-७-१० र १-१५-१३ को घरजग्गा ।

ग)च्यासिस नं. MAT466420G1R12246 र इन्जन नं. 61E63516817 रहेको TATA MOTORS को मोडल LTP 3118 TC/S6 (2016) को गाडि नं. NA 6 KHA 6286.

**व्यक्तिगत जमानीकर्ताहरु :**

क) स्व. जादोलाल साह कलवारको बुहारी, स्व. रामचन्द्र प्रसाद कलवारको पत्नी, जिल्ला पर्सा सिर्सिया खाल्वाटोला, वडा नं ९ (हाल जिल्ला पर्सा, वीरगंज उ.म.न.पा वडा नं. २८) बस्ने (ना.प्र.न ८८७८१३०९ जारी मिति २०३४/१०/१२ जि.प्र.का. पर्सा) बर्ष ६५ की **भागमति कलवारीन ।**

ख) स्व. जादोलाल साह कलवारको नाति, स्व. रामचन्द्र प्रसाद कलवारको छोरा, जिल्ला पर्सा, श्रीसिया खल्वाटोला गा.वि.स. वडा नं. ९ बस्ने ( ना.प्र.न. ३४-०१-६९-०६५३५ मिति २०६९/१२/०८ जि.प्र.का. पर्सा) बर्ष ३२ को दिलीप कूमार साह ।

ग) स्व. रामचन्द्र प्रसाद कलवारको बुहारी, नन्दलाल साह कलवारको पत्नी जिल्ला पर्सा, उ.म.न.पा वीरगंज वडा नं. १ बस्ने (ना.प्र.न. ३४-०१-७०-१२५७० मिति २०७०/११/१४ जि.प्र.का. पर्सा) बर्ष २९ को चादँनी कुमारी ।

घ) स्व. जादोलाल साह कलवारको नाति, स्व. रामचन्द्र प्रसाद कलवारको छोरा जिल्ला पर्सा, श्रीसिया खल्वाटोला गा.वि.स. वडा नं. ९ बस्ने ( ना.प्र.न. ८८७८२३९१ मिति २०६१/०४/०७ जि.प्र.का. पर्सा) बर्ष ३८ को सरोज प्रसाद कलवार ।

ङ) स्व. जादोलाल साह कलवारको नाति, स्व. रामचन्द्र प्रसाद कलवारको छोरा जिल्ला पर्सा, श्रीसिया खल्वाटोला गा.वि.स. वडा नं. ९ बस्ने ( ना.प्र.न. ३४१०७५/२७९ मिति २०६७/०७/१० जि.प्र.का. पर्सा) बर्ष ३१ को नन्दलाल साह कलवार ।

नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend

प्रधान कार्यलय: गीतामन्दिर रोड, वीरगंज (पर्सा)
फोन नं.०५१-५३१०३१
शाखा कार्यलय: बसपार्क (बाइंपास) वीरगंज,
ड्राइपोर्ट (श्रीसीया), वीरगंज, टेडारोड, चार्नी, (जितपुर)



# महोत्तरीमा ४५ हजार बढीलाई एचपिभी खोप दिइँदै

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीमा करिब ४५ हजार किशोरीलाई पाठेघर मुखको क्यान्सरविरुद्ध (एचपिभी) खोप लगाइने तयारी छ । जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ स्थानीय तहमा दुई चरणमा सञ्चालन गरिने खोप अभियानअन्तर्गत ४५ हजार चार सय ६४ जना किशोरीलाई खोप दिइने जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीले जनाएको हो । पहिलो चरणको खोप बिहीबार शुरु हुँदैछ । विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालय बाहिरका १० वर्षदेखि १४ वर्ष उमेर समूहभित्रका किशोरीलाई खोप दिइँदैछ । खोप दिइने विद्यालयका छात्रा ३६ हजार ६० र विद्यालय बाहिरका किशोरी आठ हजार चार सय ६८ रहेका कार्यालय प्रमुख तथा वरिष्ठ स्वास्थ्य प्रशासक नवलकिशोर साहले जानकारी दिए । जिल्लाका सात स्थानीय तहमा पहिलो चरणमा बिहीबारदेखि ३० गतेसम्म खोप सञ्चालन हुने कार्यालयले जनाएको छ । जलेश्वर, लोहारपट्टी, मनराशिशवा र मटिहानी नगरपालिका तथा पिपरा, एकडारा र महोत्तरी गाउँपालिकालमा पहिलो चरणमा खोप कार्यक्रम रहेको वरिष्ठ स्वास्थ्य प्रशासक साहले जानकारी दिए । यसरी पहिलो चरणमा १९ हजार ६९ जना किशोरीलाई एचपिभी खोप दिइने कार्यालयले जनाएको छ । यसैगरी दोस्रो चरणअन्तर्गत आगामी फागुन २ गतेदेखि आठ गतेसम्म सञ्चालन गरिने भएको छ । दोस्रो चरणअन्तर्गत जिल्लाका भङ्गाहा, बर्दिबास, रामगोपालपुर, बलवा, औरही र गौशाला नगरपालिका तथा सम्सी र सोनमा गाउँपालिका समावेश छन् । यस चरणमा २६ हजार तीन सय ९५ जना किशोरीलाई खोप लगाइने वरिष्ठ स्वास्थ्य प्रशासक साहले जानकारी दिए । जिल्लामा खोप दिइने सबैभन्दा बढी बर्दिबास नगरपालिकामा चार हजार नौ सय ८६ र सबैभन्दा कम महोत्तरी गाउँपालिकामा एक हजार सात सय १७ किशोरी छन् । जिल्लाका छ कक्षादेखि १० सम्म पठनपाठन हुने सबै विद्यालय र विद्यालय बाहिरका किशोरीलाई लक्षित गरी बस्तीबस्तीमा खोप केन्द्र निर्धारण गरिएको कार्यालयले जनाएको छ । जम्मा चार सय दुई खोप केन्द्र व्यवस्था गरिएको साहको भनाइ छ । खोप सञ्चालनका लागि हरेक केन्द्रमा एक सुपरभाइजर, एक भ्याक्सिनेटर र दुई स्वयंसेवकसहित चार जनाको जनशक्ति परिचालन गरिने कार्यालयले स्पष्ट गरेको छ । यो अभियानमा लक्षित समूहभित्रका कोही किशोरी नछुटुन् भनी प्रचारप्रसार गरिएको जानकारी दिँदै कार्यालय प्रमुख साहले यस अभियानमा साथ दिन सबैसँग अनुरोध गरे । रासस

# पानी नपरी बित्दै हिउँद, किसान चिन्तित



**मधेशदृष्टि**
**महोत्तरी ।**
यसपालि सिङ्गो हिउँद पानी नपरी बित्नै लाग्दा किसान निरास छन् । वसन्तपञ्चमी पर्व मनाइसक्दासम्म पानी पर्ने चालचुल नदेखेपछि महोत्तरीका किसान अहिले अपेक्षित हिउँदेबाली नहुने चिन्ताले पिरोलिएका छन् । 'हिउँद पानी नपरी बित्यो', बर्दिवास–९ टोकीटोलका ६० वर्षीय किसान रामचन्द्र थापा मगर भन्छन्, 'खै हिउँदे बाली राम्ररी भित्र्याउन पाइएला जस्तो छैन ।' कुलोको स्थायी सिँचाइको प्रबन्ध नभएको आफ्नो ठाउँमा इनारको पानी मोटरले तानेर बाली सेचन गर्ने गरिएको उनको भनाइ छ । यसपालि अहिलेसम्म हिउँदे वर्षा नहुँदा इनारमा पानीको सतह गहिरिँदै गएर मोटरबाट पानी तान्न नसकिने अवस्था बनेको थापासहित टोकीटोलका किसानको चिन्ता छ । माघ अन्तिम साता लागि सक्दा हुस्सुले छाडेको छैन । हिउँदमा हुस्सु लाग्नु स्वभाविक भए पनि माघ लागेपछि घाम तात्दै जाने पुरानो मौसमको थिति खलबलिएको किसान बताउँछन् । "आकास धुम्मिएको धुम्मियै छ, पानी पर्न सकेको छैन', बर्दिवास–७ का ७० वर्षीय विन्देश्वर यादव भन्छन् । खेतबारीमा तरकारी बाली हुस्सुले कक्रदै तथा पानी नपरेर माटो रुखिएको उनले बताए ।

भङ्गाहा–४ रामनगरका ७५ वर्षीय इस्लाम राइन भन्छन्, 'यो हामीले पहिले देखे भोगेभन्दा फरक हुँदैछ ।' एक दशक अघिसम्मका ऋतुपिच्छेका मौसममा गरिने अड्कल अब मेल खान छाडेको राइनकै छिमेकी जव्वार शेष बताउनुहुन्छ । हिउँदे पानी नपर्दा गहुँ, उखु र दलहन बाली राम्ररी बढ्न सकेको छैन । यसैगरी भण्टा, रामतोरीया, खुर्सानीलगायत तरकारी पानी नपर्दा ओइलिन लागेका छन् । माटोमा चिस्यान नहुँदा पर्खनुको विकल्प नरहेको गौशाला–११ का भोगेन्द्र महतो बताउँछन् । हिउँदे वर्षा जमिन भिजाउने मात्र नभई बालीनालीका लागि अत्यन्त पोसिलो हुने पाका किसान बताउँछन् । भर्खरै हुर्कदै गरेका वैशाखी लहरे तरकारी, उखु, आँपसहितका फलका रुख हिउँदे वर्षा पाएपछि लहलहाउने पाका किसानको अनुभव छ । तर, यसपाली वर्षा नै नभई हिउँद बित्दै गएपछि यी बालीबाट अपेक्षित उत्पादन लिन नसकिने किसानमा चिन्ता बढेको छ । हिउँदमा पानी नपरेपछि खानेपानीका स्रोतहरु इनार, चापाकल गर्मी चढेसँगै चाँडै सुक्ने छन् । खानेपानीको हाहाकार पर्नसक्ने बर्दिवास–१२ बिजलपुराका ६५ वर्षीय किसान रामविलास सिंह बताउँछन् । हिउँदमा पानी नपरेपछि अहिले माघ नसकिँदै खोल्साखोल्सी सुकी सकेका छन् ।

सदाबहार भुल्के (जरुवा) पानीको मुहानमा पानी देखिन छाडेको छ । हिउँदे वर्षा नभएपछि फलका रुखमा मज्जर (मञ्जरी) कम लाग्ने, मज्जर धेरै झर्ने र मधुवारोगको प्रकोप बढ्ने चिन्ता छ । हिउँदमा पानी पर्दा बालीनालीमा रोगको प्रकोप कम हुने र बाली हलक्क बढ्ने किसानको अनुभव छ । हिउँदे सम्यक वर्षा बालीनालीलाई अमृत नै हुने औरही–७ का मोहन महतो बताउँछन् । 'हिउँदे वर्षा सिँचाइ मात्र हैन, बालीको पोषण र रोग प्रतिरोधका लागि रामवाण (बिस्तुर नजाने) हुन्छ', उनी भन्छन् । महोत्तरीको कूल ७० हजार हेक्टर खेतीयोग्य जग्गामध्ये १० प्रतिशत मात्र कुलो लाग्ने छ । यस्ता जग्गामा पुगेका कुलोको पानीका स्रोतका मुहान पनि हिउँदे वर्षा नभएपछि सुक्दै गएका छन् । रासस

# महशुल नबुझाउँदा विद्युत लाइन काटियो

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको धनगढीमाई नगरपालिकाले यहाँका किसानले प्रयोग गरेका कृषि मिटरको विद्युत महशुल समयमा नबुझाउँदा नेपाल विद्युत प्राधिकरणले लाइन काट्न शुरु गरेको छ । गहुँ सिंचाई गर्ने मुख्य समयमा कृषि मिटरको लाइने काटिएछि किसान समस्यामा परेका छन् । नगरपालिकाले दुई वर्षअघिदेखि नगरका किसानको विद्युत महशुल तिर्ने जिम्मा लिएको थियो । तर, लामो समयदेखि पालिकाले महशुल नतिरेपछि बाध्य भएर ठूला मिटरको लाइन काट्न सुरु गरिएको नेपाल विद्युत प्राधिकरण लहान वितरण केन्द्रका प्रमुख अवधेश गुप्ताले बताए । उनले भने, 'हामीले अहिले तीनओटा ठुला कृषि मिटरको लाइन काटेका छौँ । नगरको सम्पूर्ण कृषि मिटरको बाँकी बक्यौता करोड भन्दा माथि छ ।

महशुल उठाउनको लागि लाइन काट्नुको विकल्प हामीसँग छैन ।' सिंचाई मिटरको लाईन काटिँदा वडा नं. ८ का सयौं किसान मर्कामा परेका छन् । 'किसानले लगाएको गहुँमा सिंचाई गर्नु पर्ने समयमा विद्युतको लाईन काटियो । अहिले सिंचाइँ गर्न समस्या भईरहेको छ', स्थानीय किसान योगेश सिंहले भने, 'नगरपालिकाले विद्युतको महशुल तिर्न सक्दैन भने जिम्मा लिनु हुन्न थियो । विनाकारण किसानले दुःख पाईरहेका छन् ।' उनले यहाँ रहेको सामुहिक कृषि सिंचाई मिटरको दुई हजार दुई सय रुपैयाँ महशुल पुगेपछि प्राधिकरणले लाईन काटेको जानकारी दिए । उनले भने, 'पालिकाले जिम्मा नलिएको भए हामी नियमित रुपमा महशुल बुझाउँथ्यौं । अहिले २२ हजार महशुलमात्र हैन, त्यसमा लाग्ने जरिवाना र पुनः जडान खर्च समेत किसानले बेहोर्नु पर्ने अवस्था आयो ।' एउटै मोटरले यस क्षेत्रका ५० विगहाभन्दा धेरै जमिन सिंचाई गर्दै आइरहेका उनले जानकारी दिए । समयमा विद्युतको महशुल नबुझाउँझा किसानमात्र हैन पालिका पनि आर्थिक मारमा परेको नगर कृषि संयोजन समितिका संयोजक समेत रहेका वडा नम्वर १ का अध्यक्ष सूर्यनारायण यादवले बताए । 'पालिकाले किसानको विद्युत महशुल तिर्ने जिम्मा लिएपछि समयमा तिर्नु पर्ने हो । समयमा महशुल नतिर्दा जरिवाना बेहोर्नु पर्ने अवस्था भएको छ । त्यसोहुँदा नगरले विनियोजन गरेको बजेटभन्दा महशुल रकम धेरै उठेकोले शुल्क बुझाउन समस्या भएको हो ।' अध्यक्ष यादवले पालिकाले चालु आर्थिक वर्षमा कृषि विद्युत महशुल बुझाउन ४५ लाख विनियोजन गरेको छ । उनका अनुसार अघिल्लो आर्थिक वर्षमा पालिकाले २० लाख रुपैयाँ विद्युत प्राधिकरणमा बुझाएको थियो । विनियोजित बजेट र उठेको महशुल रकमको तालमेल नमिल्दा समस्या भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङ्गले बताए । उनले भने, 'नगरसभाले योजना बनाएरमात्र भएन, त्यसमा कति बजेट विनियोजन भएको छ भन्ने मुख्य कुरा हुन्छ । बजेट र भुक्तानी गर्नुपर्ने महशुलको तालमेल मिलिरहेको छैन । आजै बस्ने कार्यपालिका बैठकमा यस विषयमा छलफल गरि निकास निस्कन्छ ।'

Madhesh Province Government
Ministry of Industry, Commerce and Tourism

## Tourism Development Office

Gaur, Rautahat

## Invitation for Electronic Bids

Date of Publication 2025-02-06

1. The Tourism Development Office, Gaur, Rautahat Excutive Invites electronic bids from eligible bidders for the following works. A complete set of Bidding Documents is available online and can be download from e-GP system:https://bolpatra.gov.np/egp/PPMO'sportals specified in the bidding date sheet.

| S.N. | Contract No. | Description of Work | Exclusive of VAT, PS and Contigencies | Bid Security Amount (NRs.) | Bid Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | TDO/NCB/W/29/ 2081/082 | YogBhawanNirman , Braham baba MandirNirman,BrindabanNa.pa-4 ,Rautahat | 4282207.91 | 125000 | 3000 |
| 2 | TDO/NCB/W/30/ 2081/082 | PaniGhattaSanrakschhantatha Children park Nirman,Chandrapur-03 ,Rautahat | 4279630.47 | 125000 | 3000 |
| 3 | TDO/NCB/W/31/ 2081/082 | RamjankiMandirNirman Ra Devi MandirPurwadharBikash,Lalbandi-5,Sarlahi | 4280556.20 | 125000 | 3000 |

2. Date of Pre-Bid meeting. Last Date of Purchasing. Submission and Opening of Bids.

| Contract No. | Bid Validity Period | Bid Security Validity Period | Last date of Purchase of Bids | Last date of Submission of Bids | | Opening of Bids | |
|---|---|---|---|---|---|---|---|
| | | | | Date | Time | Date | Time |
| NCB | 90 Days from Bid Opening | 120 Days from Bid Opening | 09-Mar.-2025 | 09-Mar.-2025 | 12:00 Noon | 09-Mar.-2025 | 13:00 Noon |

| Name of Bank | Name of Office | Office Account No. | |
|---|---|---|---|
| | | For Bid Fee | For Bid Security |
| Rastriye Banijay Bank Ltd. | Pradesh LekhaEkaiKaryalaya, Chandrapur, Rautahat | 1000100200010000 | 1210100202030000 |

3. Bidders should deposit the equivalent fee for bidding document in the respective Revenue Account Number:1000100200010000, Rajashwa (Revenue) Heading No.-14229, OfficeCode No. 3070020012 in Rastriya Banijya Bank Ltd.
4. Bid must be accompanied by a Bank Guarantee issued by "A" Class Commercial Bank in Nepal drawn in favour of the TDO, Gaur, Rautahat, Madhesh ProvinceGovernment in the format supplied in the Bid document or the form acceptable to the TDO, Gaur, Rautahat. If the Bidder wishes to submit bid security in the form of cash, the cash should be deposited in. Account KHA.2-3 DHARAUTI A/C (PRA. LE. NI. KA) Pradesh LekhaEkaiKaryalaya, Chandrapur, Rautahat
5. The Employeer reserves the right to accept or reject any bid and to annual the bidding process and reject all Bids any time period to contract, without thereby incurring any liability to Bidders.

Tourism Development Officer

# चिनी मिलले उखु कटान आदेश दिन नसक्दा किसान चिन्तित

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराका रिलायन्स चिनी मिलले उखु कटान आदेश दिन नसक्दा किसान चिन्तामा परेका छन् । अहिले हिउँदको बेलामा उखु खेतमा पानी सुक्दा मुसाले नोक्सानी गर्नेसँगै घामले सुकेर तौलमा कमी हुन सक्ने भयले किसानलाई मिलसम्म उखु पु¥याउन हतारो छ । तर मिलले किसानलाई चाहे जति कटान आदेश (चलान पुर्जी) नदिएपछि किसानको उखु खेतमै थन्किएको छ । बारा र पर्साका करिब सात हजार किसानले झन्डै ४ हजार विघामा लगाएको उखु आधासमेत कटान हुन सकेको छैन । तर मिल प्रशासनले किसान उखु सफा गरी नल्याउने र कटान आदेश बिनै जबर्जस्ती मिलमा ल्याउन थालेपछि कटान आदेश दिन समस्या भइरहेको जनाएको छ । मिलको दैनिक क्रसिङ क्षमता ३० हजार क्विन्टल हो । क्रसिङ गर्न मंसिर २ गते विधिवत सुरु गरे पनि गढीमाई मेलाको कारणले त्यसको दुई सातापछि मात्र कटान आदेश दिई क्रसिङ सुरु गरिएको थियो ।

तीन महिनाको अवधिमा करिब सात हजार किसानको ३० लाख क्विन्टल उखु लिने मिलको लक्ष्य हो । किसानले जबर्जस्ती अर्काकै पालोमा ट्याक्टर, गाडा लगायतमा आफ्ना उखु ल्याएर 'यार्ड' (तौल हुने स्थल) मा कोच्न थालेपछि कटान पालो पर्खेर बसेका किसानलाई कटान आदेश (चलान पुर्जी) दिन समस्या भएको मिलका 'क्यान' म्यानेजर अवध झाले बताए ।

# डुबेर बेपत्ता भएका विद्यार्थीको शव फेला

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको राजदेवी नगरपालिका–६ स्थित बागमती नदीमा सरस्वती मूर्ति विसर्जन गर्ने क्रममा डुबेर बेपत्ता भएका विद्यार्थी सुरज यादवको शव १४ घण्टापछि फेला परेको छ । वडा ७ मूडबलवाका २२ वर्षीय सुरज यादव मंगलवार साँझ पौने ७ बजे नदीमा डुबेर बेपत्ता भएका थिए । आफन्तले खबर गरेपछि सशस्त्र प्रहरी बल बिओपी बेलविछवा, प्रहरी चौकी बेलविछवा र नेपाली सेनाको वीर दल गण रौतहटको संयुक्त टोलीले खोजी गरेको थियो । बुधबार बिहान सवा १० बजे मूर्ति सेलाएको स्थानबाट १०० मिटर दक्षिण बागमती नदीमा उनको शव फेला परेको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी विक्रम हुमागाईंले बताए । मृतक स्थानीय प्रावि मूडबलवाका प्रधानाध्यापक उमेश यादवका छोरा हुन् ।

# बालक बेपत्ता, अवस्थाबारे जानकरी दिनेलाई डेढ लाख पुरस्कार

**मधेशदृष्टि**
**वीरगंज ।**
बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका–७ स्थित मामाघर आएका तीन वर्षीय हंश चौधरी एक हप्तादेखि बेपत्ता भएका छन् । माघ १७ गते मामा रञ्जित जैसवालको घर अगाडि खेल्ने क्रममा उनी हराएको बारा प्रहरीले जनाएको छ । प्रहरीका अनुसार रातो हुडी र निलो पाइन्ट लगाएका बालक सम्पर्कविहीन भएका हुन् । खोजीका लागि परिवार र सुरक्षाकर्मीले विभिन्न प्रयास गरे पनि हालसम्म उनको अवस्था अज्ञात छ । बालकको अवस्थाबारे जानकारी दिने व्यक्तिलाई परिवारले एक लाख रुपैयाँ इनाम घोषणा गरेको छ । यसैबीच बारा क्षेत्र नम्बर ४ का सांसद तथा पूर्व मन्त्री कृष्ण कुमार श्रेष्ठ (किसान) ले खोजीमा मद्दत गर्ने व्यक्तिलाई थप ५१ हजार रुपैयाँ इनाम दिने घोषणा गरेका छन् ।

## सम्पादकीय

# अध्यादेशलाई चाहिएको बहुमत र जसपा नेपाल

*हिँउदे अधिवेशनको पहिलो दिन माघ १८ गते संसदमा सरकारले ल्याएको विभिन्न अध्यादेश पेश गरेको थियो । सरकारले संसद नभएका बेला एकैपटक ६ वटा अध्यादेश ल्याएपछि यसले नयाँ तरंग ल्याएको थियो । यो तरंगले कतै सरकार ढल्छ कि भन्नेसम्म थियो । तर सत्तारुढ दलहरु अध्यादेश बहुमतले पारित हुनेमा विश्वस्त बनेका छन् । यसमा मधेशको मेजर फेक्टर जसपा नेपाल निर्णायक देखिएको छ । जसपा नेपालले समर्थन गर्नासाथ अध्यादेशहरु पारित हुने देखिएको छ ।*

*सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश–२०८१, सुशासन प्रवद्र्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश–२०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश–२०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश–२०८१, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश–२०८१ र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश–२०८१ बैठकमा पेस भएपछि यसलाई पारित गर्न सरकारलाई बहुमत चाहिएको हो । राष्ट्रिय सभा र प्रतिनिधि सभामा सरकारलाई बहुमत चाहिरहँदा राष्ट्रिय सभामा ३ सिट रहेको जनता समाजवादी पार्टी नेपाल निर्णायक बनेको छ ।*

*बुधबार नेकपा एमालेका मुख्य सचेतक महेशकुमार बर्तौलाले अध्यादेश पारित हुनेगरी बिहीबारको सदनको कार्यसूची र प्रक्रिया अघि बढ्ने बताए । 'सत्तापक्षमा रहेका सबै राजनीतिक दल सरकारले लिने निर्णय, कार्यक्रम र जारी भएका अध्यादेशकाबारे पक्षमा उभिने कुरामा सरकार पक्षमा रहेका राजनीतिक दलबीच कुनै बेमेल छैन, सबै दलहरू एक ठाउँमा छौँ, हामी प्रतिनिधिसभामा पनि बलियो बहुमत छ । राष्ट्रियसभामा पनि कुनै समस्या छैन अध्यादेश पारित गर्छौं,' उनले भने । यसपटक मात्र नभई नेपालको लोकतान्त्रिक अभ्यासमा यसअघि धेरै अध्यादेश जारी भएका घटना सुनाउँदै प्रमुख सचेतक बर्तौलाले अहिलेको अध्यादेश देश र जनताकाहितलाई ध्यान दिँदै निजी क्षेत्रलाई आशा जगाउने र अर्थतन्त्रलाई चलायमान बनाउन ल्याइएकाले स्वागत गरेर जान आग्रह गरिएको बताए । प्रतिनिधिसभामा प्रमुखप्रतिपक्ष दल नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधिसभाको बिहीबारको बैठकलाई सम्बोधन गर्ने भएका छन् । सरकारकातर्फबाट स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले केही धारणा राख्ने र भ्रष्टाचार तथा सुरक्षित कारोबारसँग सम्बन्धित प्रतिवेदन सदनमा टेबुल गरिने सूची छ ।*

*नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे अध्यादेशबारे ५१ वटा विरोधका सूचना प्राप्त भएकाले नियमावलीअनुसार छलफल गरी समूहगत रूपमा निर्णयार्थ प्रस्तुत गरेर सहमतिमा पुगिने बताउँछन् । 'एउटा प्रस्तावमा एउटा प्रस्तावक हुने, छलफलमा अस्वीकारको सूचना दिने सबैले बोल्ने, मन्त्रीले जवाफ दिने र एउटा अध्यादेशलाई एक पटकमात्र समूहगत रूपमा निर्णयार्थ प्रस्तुत हुनेछ,' उनले भने । यस्तै, हिउँदे अधिवशेनको पहिलो बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीकातर्फबाट भएका गतिविधि आगामी बैठकमा हुन नदिनेतर्फ ध्यान पु¥याउन पार्टी सचेतकलाई आग्रह गरिएको थियो । रास्वपाका सचेतक सन्तोष परियारले सरकारले सदनमा टेबुल गरेको छवटा अध्यादेश धेरै नै अस्वीकारको प्रस्ताव परेकाले कसरी व्यवस्थापन गर्ने भन्ने सन्दर्भमा नियमावलीको व्यवस्थाअनुरूप राजनीतिक पार्टीबीच सहमति कायम गरी टुङ्ग्याउने सहमति भएको जानकारी दिन्छन् । यसरी माओवादी र रास्वपाले मात्रै विरोध गरेका भरमा पनि अध्यादेश पारित हुन रोकिने अवस्था छ । खासगरी पुष्पकमल दाहाल प्रचण्डसँग जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको बढेको दूरीको लाभ अहिले सत्ता गठबन्धनले लिने र अध्यादेश पारित हुने तथा जसपा नेपालले पनि केन्द्र र प्रदेश सरकारमा नेतृत्व पाउने राजनीतिक संकेत छ ।*

# बलियो बनाऔँ– लोकतान्त्रिक संस्कृति

**डा.शोभाकर पराजुली**



**डा.शोभाकर पराजुली**

मजबुत लोकतान्त्रिक संस्कृति निर्माण गर्नु भनेको एक जटिल र दीर्घकालीन प्रक्रिया हो, जसले समाजका विभिन्न तह, संस्था र व्यक्तिहरूको सक्रिय सहभागिता र समर्पणको आवश्यकता पर्छ ।

लोकतन्त्र केबल संविधान र कानुनमा सीमित हुनु हुँदैन, यो जनताको मानसिकता, संस्कृति र दैनिक जीवनशैलीमा गहिरो रूपमा समावेश हुनुपर्छ । लोकतान्त्रिक संस्कृतिको निर्माणका लागि सबै पक्षहरूमा ध्यान दिन आवश्यक छ र यसका लागि विभिन्न कदमहरूको अवलम्बन गर्नुपर्छ ।

शिक्षा र जागरूकता लोकतान्त्रिक संस्कृति निर्माणको आधार हो । नेपालमा लोकतन्त्रका मूल्य, सिद्धान्त र महत्वका बारेमा जनतालाई शिक्षित गर्नु अत्यन्त आवश्यक छ । शिक्षाले नागरिकहरूलाई उनीहरूको अधिकार र कर्तव्यका बारेमा जानकारी दिन्छ र उनीहरूलाई लोकतान्त्रिक प्रक्रियामा सक्रिय रूपमा सहभागी हुन प्रोत्साहित गर्छ ।

विद्यालयस्तरदेखि उच्च शिक्षासम्म लोकतान्त्रिक मूल्यहरूको शिक्षा अनिवार्य रूपमा समावेश गर्नुपर्छ । छात्रहरूको बहस, चर्चा र समस्या समाधानका लागि प्रशिक्षण दिने प्रक्रियाले दीर्घकालमा लोकतान्त्रिक संस्कृतिलाई बलियो बनाउन मद्दत पु¥याउँछ ।

साथै, नागरिक शिक्षाको प्रसार पनि यस प्रक्रियामा महत्वपूर्ण छ, जसले जनतालाई आफ्नो जिम्मेवारी बुझ्न र लोकतान्त्रिक प्रक्रिया प्रति सचेत बनाउँछ । यसले जनतालाई व्यक्तिगत र सामाजिक जिम्मेवारीहरूको बारेमा शिक्षित गरिन्छ र तिनीहरूलाई लोकतान्त्रिक अधिकारको महत्व र आवश्यकता बुझ्न मद्दत पु¥याउँछ ।

पारदर्शीता र जवाफदेहीता लोकतान्त्रिक संस्कृतिको अर्को महत्वपूर्ण आधार हो । सरकारी संस्थाहरूले आफ्नो कार्यप्रणालीमा पारदर्शीता र जवाफदेहीता कायम गर्नुपर्छ । भ्रष्टाचार, अनियमितता र असमानतालाई समाप्त गर्नका लागि कडा कानुनी प्रावधानहरू र तिनीहरूको प्रभावकारी कार्यान्वयन आवश्यक छ ।

सरकारले नागरिकहरूको प्रतिक्रिया सुन्नु, तिनीहरूको आवश्यकतालाई प्राथमिकता दिनु र नीति निर्माण प्रक्रियामा नागरिकहरूको सक्रिय सहभागिता बढाउनुपर्छ । यसबाट जनतामा सरकारप्रति विश्वास निर्माण हुन्छ र लोकतान्त्रिक प्रक्रियामा उनीहरूको आस्था बलियो बनाउँछ ।

सरकार र प्रशासनले आफ्ना कामकाजमा पूर्णरूपमा पारदर्शीता र जिम्मेवारी राख्नु आवश्यकता छ । यसले जनतालाई सरकारप्रति सकारात्मक दृष्टिकोण बनाउन मद्दत पु¥याउँछ । जवाफदेहीता सुनिश्चित गर्नका लागि लोकतान्त्रिक निकायहरूलाई मजबुत बनाउनु पनि उत्तिकै जरुरत पर्दछ, जसले जनतालाई आफ्नो अधिकारको रक्षा गर्न प्रोत्साहित गरोस् ।

स्वतन्त्र र निष्पक्ष मिडिया लोकतान्त्रिक संस्कृतिको अर्को एक अपरिहार्य अङ्ग हो । मिडियाले सरकार, संस्था र व्यक्तिहरूका गतिविधिहरूमा निगरानी राख्ने, जनतालाई सूचना प्रदान गर्ने र सार्वजनिक मुद्दाहरूमा खुला बहस गर्ने महत्वपूर्ण जिम्मेवारी लिएको हुन्छ । स्वतन्त्र मिडियाले भ्रष्टाचार र अन्य अनियमितताको विरुद्ध आवाज उठाउन सक्छ र नागरिकलाई सचेत बनाउँछ । त्यसैले मिडियाको स्वतन्त्रता र सुरक्षा सुनिश्चित गर्नु अत्यावश्यक छ ।

साथै, पत्रकारहरूको उचित प्रशिक्षण र संरक्षणमा ध्यान दिनुपर्छ, ताकि उनीहरू आफ्नो काममा निष्पक्ष र जिम्मेवार बन्न सकून् । मिडियाले लोकतान्त्रिक प्रक्रियामा जनताको आवाजलाई प्रकट गर्ने महत्वपूर्ण भूमिका खेल्दछ र यसले सरकार र सार्वजनिक निकायहरूसम्म जनताको आवाज पु¥याउनमा मद्दत गर्छ ।

राजनीतिक दलहरूको भूमिका लोकतान्त्रिक संस्कृतिमा महत्वपूर्ण छ । राजनीतिक दलहरूले लोकतान्त्रिक मूल्यहरूको पालना गर्नुपर्छ र आफ्ना आन्तरिक क्रियाकलापमा पारदर्शीता र जवाफदेहीता ल्याउनुपर्छ । दलहरूले जनताको आवाजलाई प्रतिनिधित्व गर्ने, नीति निर्माण प्रक्रियामा सहभागी हुने र राष्ट्रनिर्माणमा योगदान दिने जिम्मेवारी लिनुपर्छ ।

स्वस्थ प्रतिस्पर्धा र बहसले लोकतन्त्रलाई बलियो बनाउँछ र राजनीतिक दलहरूबीचको सहकार्यले लोकतान्त्रिक प्रक्रियामा सुधार ल्याउँछ । यसका साथै, युवा र महिलाहरूलाई राजनीतिमा सहभागी गराउनुले लोकतान्त्रिक प्रक्रियामा समावेशीता र प्रतिनिधित्व सुनिश्चित गर्न मद्दत गर्छ । राजनीतिक दलहरूको पारदर्शीता र जिम्मेवारी नागरिकको विश्वासको आधार हो र यसले देशको समृद्धि र सामाजिक समावेशीता सिर्जना गर्न मद्दत पुग्दछ ।

नागरिक समाजको सक्रिय भूमिका लोकतान्त्रिक संस्कृतिका लागि अत्यन्त महत्वपूर्ण छ । गैरसरकारी संस्था, सामुदायिक समूह र स्वयंसेवी संस्थाहरूले समाजका विभिन्न समूहहरूको आवाज उठाउने, सामाजिक न्यायका लागि आन्दोलन गर्ने र सरकारलाई जवाफदेही बनाउन मद्दत गर्छन् । यी संस्थाहरू जनतालाई सङ्गठित गर्दै तिनीहरूको अधिकारका लागि लड्न र लोकतान्त्रिक मूल्यहरूको प्रचार गर्न महत्वपूर्ण भूमिका खेल्छन् ।

नागरिक समाजलाई स्वतन्त्र रूपमा काम गर्न दिने, तिनीहरूलाई सुरक्षा र संरक्षण प्रदान गर्ने र तिनीहरूको योगदानलाई मान्यता दिने प्रक्रिया लोकतान्त्रिक संस्कृति निर्माणमा महत्वपूर्ण छ । गैरसरकारी संस्थाहरूले जनतालाई सचेत बनाउने र तिनीहरूको अधिकारको बारेमा जानकारी प्रदान गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्छन् ।

समावेशी र समानतामूलक समाज निर्माण लोकतान्त्रिक संस्कृतिको आधार हो । नेपाल विविध जाति, भाषा, धर्म र संस्कृतिको देश हो । यी विविधतालाई सम्मान गर्दै समानतामूलक समाज निर्माण गर्नु अत्यन्त आवश्यक छ । सबै नागरिकलाई समान अवसर, अधिकार र सुविधाहरू प्रदान गर्ने, भेदभाव र असमानतालाई समाप्त गर्ने र सबैलाई राष्ट्रनिर्माणमा सहभागी बनाउने प्रयासले लोकतन्त्रलाई बलियो बनाउँछ ।

विशेष गरी, महिला, दलित, अल्पसङ्ख्यक र पिछडिएका समुदायहरूको सशक्तीकरणले समाजलाई समृद्ध र न्यायपूर्ण बनाउँछ । समानताको सुनिश्चितता र समावेशीताले मात्र लोकतान्त्रिक प्रक्रियामा विश्वास कायम राख्न सकिन्छ ।

कानुनको शासन र न्यायपूर्ण प्रणाली लोकतान्त्रिक संस्कृतिका लागि अपरिहार्य छ । नेपालमा कानूनले सबैलाई समान रूपमा लागू हुनुपर्छ र न्याय प्रणालीले निष्पक्ष र पारदर्शी रूपमा काम गर्नुपर्छ । न्यायिक स्वतन्त्रता र निष्पक्षता नागरिकको अधिकारको रक्षा गर्न महत्वपूर्ण छन् ।

कानूनी सुधार र न्याय प्रणालीको क्षमता विकासले लोकतान्त्रिक संस्कृतिलाई अझ बलियो बनाउँछ र नागरिकमा विश्वास निर्माण गर्छ । यसले जनतालाई आफ्नो अधिकारको रक्षा गर्न प्रोत्साहित गर्दछ । न्याय र कानुनी प्रक्रियाको पारदर्शीता नेपालमा लोकतान्त्रिक संस्कृतिको सबैभन्दा महत्वपूर्ण पाटो हो ।

अन्ततः लोकतान्त्रिक संस्कृति निर्माणका लागि दीर्घकालीन दृष्टिकोण र समर्पण आवश्यक छ । यो काम एकैचोटी वा अल्पकालमा हुने कुरा होइन । लोकतान्त्रिक संस्कृतिका मूल्यहरू समाजका सबै वर्गले आत्मसात गर्नुपर्छ र तिनीहरूलाई दैनिक जीवनमा कार्यान्वयन गर्नुपर्छ ।

सरकार, राजनीतिक दल, नागरिक समाज, मिडिया र जनताको संयुक्त प्रयासले मात्र नेपालमा मजबुत लोकतान्त्रिक संस्कृति निर्माण गर्न सकिन्छ । यदि यी सबै क्षेत्रहरूमा समन्वित र दीर्घकालीन प्रयासहरू गरिन्छ भने नेपालमा लोकतान्त्रिक संस्कृति दृढ र समृद्ध हुनेछ । यसले देशलाई एक समृद्ध, न्यायपूर्ण र शान्तिपूर्ण राष्ट्र बनाउने मार्गप्रशस्त गर्नेछ ।

सारांशमा, लोकतान्त्रिक संस्कृति निर्माण एक जटिल र दीर्घकालीन प्रक्रिया हो । यसका लागि सबै तह र स्तरका भागीदारहरूको सक्रिय सहभागिता र समर्पण आवश्यक छ । राज्य शक्तिभन्दा जनशक्ति बलियो र निर्णायक हुन्छ । लामो बलिदानपछि प्राप्त लोकतन्त्रको रक्षार्थ जनता अडिग छन् तर राजनीतिक नेतृत्व तहमा पनि त्यसखालको प्रतिबद्धता नभएको हो कि भन्ने संशयले निराशा ल्याएको देखिन्छ । जनताको आक्रोश गणतन्त्रमाथि होइन, अवस्था र प्रवृत्तिका विरुद्ध हो ।

लोकतन्त्र भनेको पद्धति मात्र होइन, प्रक्रिया हो । प्रक्रिया मात्र पनि होइन, प्रवृत्ति र व्यवहार हो । पद्धतिको रटान दिएर मात्र हुँदैन, प्रक्रिया पनि कानुनसम्मत हुन जरुरी हुन्छ । जनताले गणतन्त्रमार्फत प्राप्त गर्न खोजेका अपेक्षा पाउन सके भने मात्रै आशा जगाउन सक्छ । टुटेको आशालाई विश्वासमा परिणत गर्न नवीन सोच राख्नुपर्छ ।

लोकतन्त्रका मूल्यहरूको समावेश र पालनले नै नेपाली समाजलाई अझ समृद्ध र समान बनाउँछ । यसले केबल संस्थागत सशक्तीकरण मात्र होइन, सामाजिक र सांस्कृतिक परिवर्तन पनि ल्याउँछ, जसले समग्र राष्ट्रको भविष्य उज्ज्वल बनाउन मद्दत पु¥याउँछ । रासस

# मोटरेवल पुल नहुँदाको सास्ती



मनाङ जिल्लाको नासोँ गाउँपालिका–५ र ६ जोड्ने मोटरेवल पुल नहुँदा आवागमनमा समस्या हुँदै आएको छ । मोटर तार्न र आवतजावत गर्न साँघु बनाएर चल्नुपर्ने अवस्था रहेको स्थानीय बताउँछन् ।

मनसुन सक्रिय भएपछि तिल्चेवासीले मोटर तार्न र आवतजावत गर्न स्थानीयले काठका पुल भत्काउँछन् । सदरमुकामबाट गाउँ जाने बाटोमा पर्ने दूध खोलामा हरेक वर्ष मनसुन सकिएपछि पुल बनाएर आवागमनको व्यवस्था गरिन्छ । वर्षा लागेपछि काठे पुल भत्काउने र हिउँद लागेपछि बनाउने तिल्चेवासीको काम हो ।

स्थानीय गुणराज गुरुङले भने,'वर्षा सकियो, गाउँवासी मिलेर पुल बनाउँछौँ, हरेक वर्ष वर्षा लागेपछि पुल झिकेर राख्छौँ, हिउँद लागेपछि झारा उठाएर हाल्छौँ ।' पुलबाट गाडी आउजाउ र स्थानीयलाई हिँड्न सजिलो भएको उनले बताए । उनले भने, 'पर्यटक पनि यही पुल तरेर लार्केपास निस्कन्छन् ।' अघिल्लो वर्ष स्थानीय सरकार र गाउँलेले चार लाखभन्दा बढी खर्च गरी पुल निर्माण गरेका उनले उल्लेख गरे ।

नासोँ गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले अहिले पुरानो पुल भएकाले झारा उठाउन दुई लाख खर्च भएको जानकारी दिए । उनले भने, 'शुरुमा काठसहित चार लाख जति खर्च भयो, अहिले काठ किन्न पर्दैन र दुई लाखमा अस्थायी पुल तयार हुन्छ ।'

पुल बनाउन स्थानीय सरकारले पहल गरिरहेको भन्दै अध्यक्ष गुरुङले आठ वर्षअघि यहाँ पक्की पुल बनाउन ठेक्का लागिसकेका पनि ठेकेदार कम्पनी बेपत्ता भएपछि रोकिएको बताए । उनका अनुसार विसं २०७३ असार २० मा एमएस सञ्जीवनी खड्का कृष्णा र द क्याराभान कम्पनीले विसं २०७४ मङ्सिर २३ गतेसम्म पुल निर्माण सक्नेगरी संयुक्त ठेक्का सम्झौता गरेका थिए । करिब ३० प्रतिशत काम गरेर ठेकेदार कम्पनी बेपत्ता भएका उनको भनाइ छ ।ठेकेदार कम्पनीसँग पटकपटक बैठक बस्दा पुल निर्माण पूरा गर्ने प्रतिबद्धता जनाए पनि काम नभएको उनले बताए । यहाँ खोला तरेर तिल्चेवासीले दैनिकी गुजार्छन् भने पर्यटक लार्के पास गर्छन् ।'साविक जिल्ला विकास समिति हुँदा चार करोड एक लाखमा ठेक्का लागेको पुल पटकपटक म्याद थप गर्दा पनि सम्पन्न भएको छैन । सङ्घीयता कायम भएपछि अहिले पुलको स्वामित्व पूर्वाधार विकास कार्यालयमा सरेको छ', अध्यक्ष गुरुङले भने । उनका अनुसार सम्झौताअनुसारको मितिमा पुल नबनेपछि विसं २०७७ असार २९ मा निर्माण सम्पन्न गर्नेगरी पहिलोपटक म्याद थप भएको थियो ।जिल्ला प्रशासन कार्यालयले त्यसअघि पटकपटक बैठक राखेर पुल बनाउन निर्देशन दिँदै आएको जनाएको छ । थपिएको म्यादमा पनि निर्माण सम्पन्न नभएपछि विसं २०७८ चैत मसान्तसम्ममा सक्नेगरी पुनः दोस्रो पटक म्याद थप भएको थियो । त्यसपछि म्याद थप नभएको बताउँदै अध्यक्ष गुरुङले ठेकेदारले दुवैतर्फ पिलर मात्र ठड्याएर करिब दुई करोड निकासा लगिसकेका जानकारी दिए ।

सहायक प्रमुख जिल्ला अधिकारी शिशिर घिमिरले भने,'अहिले म्याद थपिएको छैन, माथिबाट सम्बोधन हुन्छ भनेर हामीले केही गरेका छैनौँ, जिल्लामा यसलाई रुग्ण ठेक्काका रूपमा सूचीकृत गरेका छौँ, ठेकेदारलाई बोलाउँदा पनि आउँदैन ।'

यसअघि क्याराभानका अध्यक्ष चन्द्र थकालीले गत असारमा पुल बनाइसक्ने प्रतिबद्धता जनाएका थिए । पालिका अध्यक्ष गुरुङको पहलमा थकालीले भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव तुलसी भट्टराई, पूर्वाधार विकास निर्देशनालयका निर्देशक राम पराजुली समेतको उपस्थितिमा काम गर्ने लिखित प्रतिबद्धता गरेका हुन् । प्रतिबद्धता जनाएदेखि उनी सम्पर्कविहीन भएका अध्यक्ष गुरुङले बताए ।

त्यसअघि जिल्ला प्रशासन कार्यालयले पटकपटक बैठक राखेर पुल बनाउन निर्देशन दिँदै आएको छ । 'थकालीले प्रशासनलाई सुनेनन् जनतालाई सास्ती मात्र भयो । तीन पटकसम्म बैठक राख्दा पनि प्रतिबद्धता जनाउने, काम नगर्ने गरिरहेका छन्', सहायक प्रमुख जिल्ला अधिकारी घिमिरले भने ।

पूर्वाधार विकास कार्यालयका प्रमुख हरि थापाले ठेकेदारले समयमा काम नगरेपछि पुल निर्माण अलपत्र बनेको बताए । उनले भने, 'ठेकेदारले काम नगरेपछि हामी पनि मिलेका छौँ कि भनेर आरोप खेप्नुपर्ने अवस्था आएको छ, अहिले निर्माण कम्पनीलाई काम गर्न ताकेता दिइरहेका छौँ ।

गत असोजमा काम शुरु गर्ने भने पनि हालसम्म शुरु भएको छैन । काम नगर्ने हो भने वैकल्पिक बाटो अपनाएर बैंक ग्यारेण्टी तान्ने प्रक्रियामा छौँ ।'

क्याराभानले ठेक्का लिएको मनाङ ङिस्याङ गाउँपालिका–५ मुङ्जेस्थित मस्र्याङ्दी नदीमाथिको पुल अलपत्र पारेपछि अग्रिम भुक्तानीबापतको ४२ लाख कार्यालयले जफत गरेको थापाले जानकारी दिए । उक्त ठेक्काविरुद्ध अहिले अख्तियारमा उजुरी परेकाले छानबिन भइरहेको उनले बताए ।

'एउटा मात्रै होइन, उसले ठेक्का लिएका जति सबै काम अलपत्र छन्, दूध खोलामा पनि फाउन्डेसनको काम सकिएको छैन । तीव्रता दिइयो भने एक महिनामा सकिन्छ', पूर्वाधार विकास कार्यालयका प्रमुख थापाले भने,'बैठकमा आउँदा प्रतिबद्धता जनाए पनि काम भइरहेको छैन, अब अन्तिम पटक अवसर दिएका छौँ ।' तत्काल काम शुरु नगरे ठेक्का तोड्ने प्रक्रियामा जाने उनले बताए । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# अधिराजकुमारी सोफीयाद्वारा अस्पतालको सेवाबारे चासो



**भक्तपुर ।**
नेपाल भ्रमणमा रहेकी संयुक्त अधिराज्य बेलायतका अधिराजकुमारी डचेस सोफीयाले बुधबार भक्तपुर अस्पतालको अवलोकन गरेकी छिन् । उनले भक्तपुर अस्पतालको प्रसूति कक्ष (गाइनो वार्ड) को अवलोकन गरेकी हुन् ।

अवलोकनका क्रममा अधिराजकुमारी सोफीयाले प्रसूति सेवाबारे विस्तुत रूपमा जानकारी लिएकी थिइन् । उनले अस्पतालको प्रसूति कक्षमा रहेका सुत्केरी महिला र नवजात शिशुको स्वास्थ्य अवस्था र उपचार विधिका बारेमा जानकारी दिएकी थिइन् ।

प्रसूति कक्षमा भर्ना भएका नवजात शिशुलाई बोकेर उनले अस्पतालले दिएको सेवा प्रशंसनीय रहेको भन्दै खुसी व्यक्त गरिन् । यौन दुव्र्यवहार र हिंसामा परेका महिलाका बारेमा चासो लिँदै उनले हिंसा पीडित महिलाको व्यवस्थापन, पारिवारिक मिलन, सामाजिक पुनःस्थापनालगायत पक्षका बारेमा छलफल गरेकी थिइन् ।

अधिराजकुमारी सोफीयाले बिना पारिश्रमिक महिला स्वयंसेविकाले स्वास्थ्य क्षेत्रमा पु¥याइरहेको योगदानको प्रसंशा गर्दै मातृ तथा नवजात शिशुको स्वास्थ्य सेवामा अस्पतालले दिँदै आएको सेवा र योगदानप्रति खुसी व्यक्त गरिन् ।

प्रसूति सेवामा भएको विकास र अस्पतालले प्रयोगमा ल्याएको आधुनिक प्रविधि र उपकरणका बारेमा जिज्ञासा राख्नुका साथै अधिराजकुमारी सोफीयाले बेलायत सरकारको सहयोगमा निर्माण भएको नयाँ भवन र स्तरोन्नति 'रेक्टोफिटिङ्ग' गरिएको भवनको समेत अवलोकन गरिन् ।

अवलोकनपछि छलफलका क्रममा बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले प्रदेशका १३ वटै अस्पतालमा प्रसूति कक्षलाई आवश्यक जनशक्ति, उपकरण र भौतिक संरचनाका लागि काम भइरहेको बताए ।

मन्त्रालयका स्वस्थ्य सचिव डा.सुमित्रा गौतमले भक्तपुर अस्पताल मुलुकको नमूना अस्पताल बनाउन सफल भएको उल्लेख गर्दै प्रदेशका सबै अस्पतालको विकासमा मन्त्रालय योजनाबद्ध रूपमा लागिरहेको बताइन् ।

अस्पताल विकास समितिका अध्यक्ष शशीजङ्ग थापाले भक्तपुर अस्पतालले भक्तपुरका मात्रै नभई पूर्वदेखिका बिरामीलाई सवा दिइरहेको बताउदै अस्पतालले एमआरआई, सिटी स्क्यान, डायलोसिस मेशिन सञ्चालनमा ल्याउन पाए बिरामीले धेरै राहत पाउने बताए ।

अस्पतालका कार्यकारी निर्देशक डा.सुरेन्द्रप्रसाद भट्टले सोफीयालाई अस्पतालले प्रजनन् स्वास्थ्यमा पु¥याउँदै आएको सेवा र अवस्थाका बारेमा जानकारी दिए । उनले यौन तथा लैङ्गिक हिंसामा परेका महिलाको स्वास्थ्य परीक्षण र उपचार गरी सुरक्षित घर (सेभहाउस) मा पठाउने, मनोपरामर्श दिने, परिवार र समाजमा पुनःस्थापना गराउनेलगायत कार्य गर्दै आएको बताए ।

अधिराजकुमारी सोफीयले भक्तपुर अस्पतालको सेवाका बारेमा जानकारी लिँदै बिरामीसँग कुराकानी गरिन् । सोफीयासँगै बेलायत राजदूतावासका स्वास्थ्य सल्लाहकार डिएगो मोरोसो, दूतावासका समन्वयकर्ता दीपक कार्कीलगायत टोलीले अस्पतालको अवलोकन गरेको अस्पताल स्रोतले जनाएको छ ।

मङ्गलबार नेपाल आएकी अधिराजकुमारी सोफीय काठमाडौँस्थित बेलायती राजदूतावास, गोदावरीस्थित राष्ट्रिय वनस्पति उद्यान, अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड), पोखरालगायत स्थानमा भ्रमणमा जाने कार्यक्रम रहेको छ ।

यस्तै, अधिराजकुमारी सोफियाले बुधबारै कीर्तिपुरस्थित 'कीर्तिपुर आँखा अस्पताल' गई अस्पतालबाट प्रदान भइरहेका सेवा एवं सेवाग्राहीसँग भेटघाट गरिन् ।

नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित सो अस्पतालले विसं २०७४ देखि सेवा सुरुआत गरेको थियो । अस्पतालले बेलायतको विकास साझेदार संस्था 'रिड्ली आइ फाउण्डेसन'का सहयोगमा नेपालका विकट उच्च पहाडी क्षेत्रमा निःशुल्क मोतिविन्दु शल्यक्रिया शिविर सञ्चालन गर्दै आइरहेको छ ।

अधिराजकुमारी सोफिया 'द इन्टरनेसनल एजेन्सी फर द प्रिभेन्सन अफ ब्लाइन्डनेस (आइएपिबी)' को 'ग्लोबल एम्बेस्डर' (विश्व सद्भावनादूत) हुन् । विश्वबाट नै उपचारपछि निको हुने अन्धोपन निवारण गर्ने अभियानमा सक्रिय उनले आँखा स्वास्थ्य क्षेत्रको विकास र विस्तारमा विश्वव्यापी रुपमा कार्य गर्दै आएकी छिन् । 'आइएपिबी' विश्वका आँखा स्वास्थ्य क्षेत्रमा कार्यरत सङ्घ÷संस्थाको साझा छाता सङ्गठन हो ।

अधिराजकुमारी सोफियाले नेपालको आँखा स्वास्थ्य क्षेत्रमा भएको प्रगतिको उच्च सराहना गर्दै आगामी दिनमा नेपालले आफ्नो प्राथमिक स्वास्थ्य प्रणालीमा आँखा उपचार सेवालाई पनि अझ बलियो बनाउन सुझाव दिएको जनाइएको छ ।

नेपाल नेत्रज्योति सङ्घले आफ्ना सञ्जालमार्फत नेपालमा आँखा उपचार सेवा प्रवाह गरिरहेको र वार्षिक सङ्घको सञ्जालमार्फत हजारौँ आँखाका बिरामीले निःशुल्क आँखा उपचार प्राप्त गरिरहेका छन् । नेपालमा जनस्वास्थ्य समस्याका रुपमा रहेको ट्रकोमा रोगलाई निवारण गर्न सफल भएको जानकारीबाट अधिराजकुमारी सोफिया अत्यन्तै प्रभावित समेत भएको संघका अध्यक्ष प्रा.डा.चेतराज पन्तले जानकारी दिए । अध्यक्ष प्रा.डा.पन्तले राजकुमारीको सोफिया नेपाल भ्रमणका क्रमममा कीर्तिपुर आँखा अस्पतालको समेत अवलोकन गरेकोमा धन्यवाद व्यक्त गरेका थिए । रासस

# प्रधानमन्त्री भन्छन्, 'चिया निर्यातका समस्या समाधानको पहल गरिनेछ'



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली चियाको भारत निर्यातमा देखिएका समस्यालगायत चिया उद्योगलाई प्रवद्र्धन र प्रोत्साहन दिने विषयमा सक्दो पहल गर्ने विश्वास दिलाएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,सिंहदरबारमा प्रादेशिक चिया समन्वय समिति, कोशीसहित झापा र इलामका चिया उत्पादक सङ्घका प्रतिनिधिले बुधबार दिएको ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री ओलीले औपचारिक र अनौचारिक दुवै संयन्त्रबाट समस्याको समाधानमा पहल गर्ने बताएका हुन् । उनले नेपाली चियाको उचित बजार प्रवद्र्धन र विस्तारमा ध्यान दिन उद्यमीलाई सुझाव दिए ।

प्रादेशिक चिया समन्वय समितिका अध्यक्ष आदित्य पराजुलीले चिया निर्यातबाट वार्षिक छ अर्ब रुपैयाँको विदेशी मुद्रा स्वदेश भित्रिँदै आएकामा हाल भारत सरकारबाट नेपाली चियालाई अनिवार्य भारतीय अक्सन (लिलामी प्रक्रिया) मार्फत मात्र आयात गर्ने नीतिगत व्यवस्था हुन लागेकाले यसबाट नेपाली उद्यगीलाई मार पर्ने विषयमा प्रधानमन्त्री ओलीलाई ध्यानाकर्षण गराएका थिए ।

ती संस्थाहरूले नेपालमै अक्सन (लिलामी प्रक्रिया) केन्द्र सञ्चालन, नेपाली चियालाई दिइने निर्यात अनुदान तत्कालन उपलब्ध गराउन र चिया बगान क्षेत्रमा सहज विद्युत आपूर्ति र महसुलको प्रबन्ध गरिनुपर्नेलगायत माग प्रधानमन्त्रीसमक्ष गरेका छन् । रासस

# रुपाताल संरक्षणसम्बन्धी काम सम्पन्न गर्न ऊर्जामन्त्रीको निर्देशन



**काठमाडौं ।**
ऊर्जा,जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले रुपाताल संरक्षणसम्बन्धी कामलाई समयमा सम्पन्न गर्न सरोकार भएका निकायलाई निर्देशन दिएका छन् ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कास्कीले रुपाताल संरक्षणका लागि गरिरहेको कामको बुधबार निरीक्षण गर्दै उनले यथाशीघ्र सम्पन्न गर्न निर्देशन दिएका हुन् । 'ऐतिहासिक रुपातालको आफ्नै महत्त्व छ, जनशक्ति थप गरेर समयमा गुणस्तरीय काम गरी यसलाई सम्पन्न गर्नेतर्फ लाग्नुहोस्,' मन्त्री खड्काले भने ।

रुपाताल संरक्षणका क्रममा बजेट अभाव हुन नदिन मन्त्रालयले आवश्यक समन्वय गर्ने उनले प्रतिवद्धता जनाए ।

तालमा हाल सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कास्कीले पाँच सय ९० मिटर माटो र ४५ मिटर कङ्क्रिटको बाँध लगाउने काम गरिरहेको छ । एक सय २२ हेक्टर क्षेत्रफलमा फैलिएको ताल बाँधेपछि एक सय ८३ हेक्टरको हुनेछ ।

तालको वरपर पैदलमार्ग निर्माण गर्न एक हजार एक सय रोपनी जग्गा अधिग्रहण गर्नुपर्नेमा हालसम्म नौ सय रोपनी अधिग्रहण भइसकेको आयोजनाका प्रमुख विदुरमान श्रेष्ठले जानकारी दिए ।

अनुगमनमा ऊर्जामन्त्री खड्कासँगै नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा, सहमहामन्त्री जीवन परियार, केन्द्रीय सदस्य यज्ञबहादुर थापालगायत पुगेका थिए । रासस

# दुर्घटना न्यूनीकरणका लागि सचेतना जगाउँदै प्रहरी

**तनहुँ ।**
पछिल्लो समय जिल्लामा सवारी दुर्घटना बढेपछि न्यूनीकरणका लागि जिल्ला प्रहरी कार्यालयले सचेतना अभियान सञ्चालन गर्न थालेको छ । पृथ्वीराजमार्गअन्तर्गत तनहुँका विभिन्न खण्डमा दुर्घटना बढेपछि प्रहरीले न्यूनीकरणको पहल थालेको हो ।मुग्लिनबाट कोत्रेसम्म सडकको स्तरोन्नति भइरहेकाले सडकको अवस्था र सवारी चालकको लापरबाहीका कारण दैनिक दुर्घटना बढिरहेकाले ट्राफिक नियम पालनासम्बन्धी सचेतना जगाउन थालिएको प्रहरीले जनाएको छ ।

प्रहरीले सवारी चालकलाई ट्राफिक नियम पालना गर्न तथा सचेतना अपनाएर दुर्घटना न्यूनीकरणमा सघाउन आग्रह गर्दै सचेतनामूलक कार्यक्रमलाई जोड दिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक वीरेन्द्रबहादुर शाहीले बताए ।

उनले भने,'पृथ्वीराजमार्गका विभिन्न खण्डमा दुर्घटना बढेपछि न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम गर्दै आएका छौँ । तीव्र गतिका कारण दुर्घटना बढेपछि सीमित गतिमा सवारी चलाउन र आवश्यक नियम पालना गर्न सोसम्बन्धी जानकारीसहित आग्रह गरेका छौँ ।'

उनका अनुसार ट्राफिक नियम, लेन अनुशासन, सडक सङ्केत तथा ट्राफिक लाइटहरूको सधैँ पालना गरौँ, जथाभावी ओभरटेक नगर्ने, मादक पदार्थ तथा अन्य नशाजन्य पदार्थ सेवन नगरी सवारी चलाउन, सवारी चलाउनु अगाडि आफ्नो साधन ठीक छ÷छैन जाँच गर्न, आफूभन्दा अगाडिको सवारीसँग दूरी कायम गर्न, क्षमता भन्दाबढी यात्रु तथा सामानहरू नबोक्न, तोकिएको स्थान (बस स्टप) मा मात्र यात्रुहरूलाई चढाउन र झार्न आग्रह गरिएको छ ।

सवारी चलाउँदा आफ्नो ध्यान सडकमा मात्र केन्द्रित गर्न, मोबाइल फोनको प्रयोग नगर्न, ठूलो आवाजमा रेडियो क्यासेटहरू नबजाउन, सवारी चलाउँदा तोकिएको गतिभन्दा छिटो नचलाउन आग्रह गरिएको छ ।

साथै, मोटरसाइकल चालाउँदा अनिवार्य हेल्मेट प्रयोग गरी फितासमेत बाँध्न आग्रह गरिएको भन्दै उहाँले पैदल यात्रु, ज्येष्ठ नागरिक, बालबालिका, बिरामी तथा फरक क्षमता भएका व्यक्तिहरूलाई सडकमा पहिलो प्राथमिकता दिन, रातको समयमा साइकल चलाउँदा टल्कने लुगाको प्रयोग गर्न आग्रह गरिएको जानकारी दिए ।मुग्लिन–पोखरा खण्ड विस्तारसँगै सडक फराकिलो बनाउने काम भइरहेको जनाउँदै प्रहरी उपरिक्षक शाहीले तीव्र गतिका कारण अत्यधिक दुर्घटना हुने गरेकाले सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको बताए ।

जिल्लामा चालु आर्थिक वर्षको छ महिनामा सवारी दुर्घटनामा परी ३८ जनाले ज्यान गुमाएका प्रहरीले जनाएको छ । आव २०८०÷८१ को सोही अवधिमा भएका दुर्घटनामा परी २२ जनाको मृत्यु भएको थियो ।

जिल्लामा सबैभन्दा बढी दुई पाङ्ग्रे सवारीसाधन दुर्घटना हुने गरेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरिक्षक अशोक थापाले बताए । उनका अनुसार पृथ्वीराजमार्गअन्तर्गत कोत्रे, गाछेपानी, अकला, गुणादी, कमलबारी, नाहाला, विमलनगर, आँबुखैरेनीस्थित पावरहाउस क्षेत्रमा बढी दुर्घटना हुने गरेको छ ।सवारी दुर्घटनामा परी आव २०७९÷८० मा २९, आव २०७८÷७९ मा ४९, आव २०७७÷७८ मा ४८, आव २०७६÷७७ मा ४४ र आव २०७५÷७६ मा ६० जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख गरिएको छ । रासस

# संघीयता अनुभूत हुने काममा गण्डकी प्रदेशसभा

**गण्डकी ।**
गण्डकी प्रदेश मङ्गलबारदेखि स्थापनाको आठौँ वर्षमा प्रवेश गरेको छ । प्रदेशसभा स्थापना भएको दिनलाई नै यस वर्षदेखि प्रदेश स्थापना दिवसका रुपमा मनाउन शुरु गरिएको छ । विसं २०७४ माघ २२ गते प्रदेशसभाको पहिलो बैठक बसेको थियो ।

त्यसयता प्रदेशसभाको पहिलो कार्यकाल पूरा भई दोस्रो कार्याकालको पनि दुई वर्ष बितिसकेको छ । यस अवधिमा प्रदेशसभा सङ्घीयताको कानूनी र संरचनागत जग निर्माणमा केन्द्रित रह्यो । प्रदेश संरचनालाई सुदृढ र संस्थागत गर्नेतर्फ प्रदेशसभाको सक्रियता रह्यो ।

प्रदेशसभाको पहिलो कार्यकालमा ५९ कानून निर्माण भए भने दोस्रो कार्याकाल शुरु भएयता १३ वटा कानून निर्माण र एउटा नियमावली पारित भएको छ । प्रदेशसभा सचिवालयका सूचना अधिकारी प्रेम सुवेदीका अनुसार यस अवधिमा दुईवटा अध्यादेश स्वीकृत भएका छन् ।

'गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मत–सम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,' 'साझेदारी फर्मको नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक' र 'जीवननाशक विषादी व्यवस्थापन गर्न बनेको विधेयक' विषयगत समितिमा



विचाराधीन छन् ।

यसैगरी,'औद्योगिक व्यवसायय ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक' पनि प्रदेशसभामा पेस भएको छ । गत सोमबारदेखि शुरु भएको प्रदेशसभा अधिवेशनमा नयाँ विधेयक प्रस्तुत हुँदैछन् ।

विसं २०७९ मङ्सिर ४ गते प्रदेशसभाको निर्वाचन भई प्रदेशसभाको दोस्रो कार्यकाल विसं २०७९ पुस १८ गते शुरु भएको थियो । उक्त अवधिमा केही सङ्कल्प प्रस्ताव र सार्वजनिक महत्वका प्रस्ताव प्रदेशसभामा दर्ता भएका थिए ।

प्रदेशसभाका सभामुख कृष्णप्रसाद धितालले प्रदेशसभालाई जिम्मेवार बनाइ सङ्घीयता अनुभूत हुनेगरी काम गर्न प्रदेशसभा प्रयत्नशील रहेको बताउँछन् । उनले सङ्घीय शासन प्रणालीलाई व्यवस्थित गर्न तीनवटै तहका सरकारबीच सहकार्य र समन्वय हुनुपर्नेमा जोड दिए ।

प्रदेशसभा बैठक 'युट्युब'बाट प्रत्यक्ष प्रशारण गर्ने गरिएको छ । अनलाइनका माध्यमबाट विधेयकबारे सुझाव संकलन हुने गरेको छ । प्रदेशसभा सदस्यका जिज्ञासाका जवाफ मन्त्रीहरुले जवाफ दिने गरे पनि प्रश्नोत्तरको अभ्यास हालसम्म भएको छैन ।

प्रदेशसभामा नेपाली कांग्रेसका २७, नेपाल कम्युनिष्ट पार्टी एमालेका २२, नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका आठ, राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई र एक जना स्वतन्त्र सदस्यको छन् । रासस

# अमेरिकी डलरको घट्यो भाउ



**काठमाडौँ ।** नेपाल राष्ट्र बैंकले बुधबारका लागि निर्धारण गरेको विदेशी मुद्राको विनिमय दर अनुसार अमेरिकी डलर एकको खरिददर १३९ रुपैयाँ ०२ पैसा र बिक्रीदर १३९ रुपैयाँ ६२ पैसा कायम भएको छ । अघिल्लो दिनको तुलनामा अमेरिकी डलरको मूल्य बुधबार घटेको हो ।

युरोपियन युरो एकको खरिदर १४३ रुपैयाँ ५२ पैसा र बिक्रीदर १४४ रुपैयाँ १४ पैसा तोकिएको छ । अघिल्लो दिनको तुलनामा युरोको मूल्यमा वृद्धि भएको छ ।

यस्तै, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १७२ रुपैयाँ ६० पैसा र बिक्रीदर १७३ रुपैयाँ ३५ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १५२ रुपैयाँ ९५ पैसा र बिक्रीदर १५३ रुपैयाँ ६१ पैसा कायम गरिएको छ । युके पाउन्ड स्टर्लिङ र स्वीस फ्र्याङ्क दुवैको मूल्य बढेको केन्द्रीय बैंकले निर्धारण गरेको विनिमयदरमा उल्लेख छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ३२ पैसा र बिक्रीदर ८६ रुपैयाँ ७० पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ ३६ पैसा र बिक्रीदर ९६ रुपैयाँ ७८ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०२ रुपैयाँ ४१ पैसा र बिक्रीदर १०२ रुपैयाँ ९३ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिददर आठ रुपैयाँ ९६ पैसा र बिक्रीदर आठ रुपैयाँ ९९ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ १७ पैसा र बिक्रीदर १९ रुपैयाँ २५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ०६ पैसा र बिक्रीदर ३७ रुपैयाँ २२ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ १३ पैसा र बिक्रीदर ३८ रुपैयाँ ३० पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ११ पैसा र बिक्रीदर चार रुपैयाँ १३ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ८५ पैसा र बिक्रीदर ३८ रुपैयाँ ०१ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ २८ पैसा र बिक्री दर ३१ रुपैयाँ ४२ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ५५ पैसा र बिक्रीदर नौ रुपैयाँ ५९ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ५८ पैसा र बिक्रीदर १२ रुपैयाँ ६३ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ २४ पैसा र बिक्री दर १९ रुपैयाँ ३२ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ८५ पैसा र बिक्रीदर १७ रुपैयाँ ९३ पैसा, कुवेती दिनार एकको खरिददर ४५० रुपैयाँ ०४ पैसा र बिक्रीदर ४५१ रुपैयाँ ९८ पैसा, बहराइन दिनार एकको खरिददर ३६८ रुपैयाँ ७४ पैसा र बिक्रीदर ३७० रुपैयाँ ३४ पैसा, ओमनी रियाल एकको खरिददर ३६१ रुयैयाँ ०९ पैसा र बिक्रीदर ३६२ रुपैयाँ ६५ पैसा निर्धारण भएको छ । यस्ती, भारतीय रुपैयाँ १०० को खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ । रासस

# नवलपुरमा नौ करोडको सुन्तला उत्पादन

**नवलपुर ।** यस वर्ष नवलपुरमा नौ करोड रुपैयाँ बराबरको सुन्तला उत्पादन भएको छ । जिल्लामा सुन्तला लगाउने क्षेत्रफल बढेसँगै गत वर्षभन्दा उत्पादनमा वृद्धि भएको हो ।

कृषि ज्ञान केन्द्र नवलपुरका सूचना अधिकारी विश्वास काफ्लेले गत वर्ष सात करोड १८ लाख रुपैयाँको सुन्तला उत्पादन भएको बताए । जिल्लाको पहाडी क्षेत्रमा अमिला जातका फलफूलको जोन लागू भएपछि सुन्तला खेती गर्ने किसान र खेती गरिने क्षेत्रफलमा वृद्धि भएको उनको भनाइ छ ।

गत वर्ष कूल दुई सय २६ हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिएकामा एक सय ४१ हेक्टर क्षेत्रफलबाट मात्रै आम्दानी लिन थालिएको थियो । 'अघिल्लो वर्ष जिल्लामा एक हजार दुई सय २७ मेट्रिक टन मात्रै सुन्तला उत्पादन भएकोमा यस वर्ष एक हजार चार सय १४ मेट्रिक टन सुन्तला उत्पादन भएको छ,' सूचना अधिकारी काफ्लेले भने, 'यस वर्ष जिल्लामा सुन्तला खेतीको क्षेत्रफल बढेर दुई सय ५६ हेक्टर पुगेकामा एक सय ६१ हेक्टरमा सुन्तला उत्पादन हुन थालेको छ ।'

जिल्लामा बर्सेनि सुन्तला उत्पादन हुने क्षेत्रफल वृद्धि हुँदै गइरहेको छ । 'जोन लागू भएपछि किसानले बिरुवामा अनुदानसहित यान्त्रिक तथा प्राविधिक सहयोग पाउने गरेका छन्,' उनले भने, 'यसै कारण पहाडी क्षेत्रमा अन्य खेतीबाट खासै उत्पादन नहुने भएकाले किसानहरु सुन्तला खेतीतर्फ आकर्षित भएका हुन् ।'

जिल्लाको बौदिकाली र बुलिङटार गाउँपालिका तथा गैँडाकोट नगरपालिकाको वडा नम्बर १८ मा व्यावसायिक रुपमा सुन्तला खेती गरिँदै आएको छ । जिल्लामा तीन हजार दुई सय किसानले सुन्तला खेती गर्दै आएका सूचना अधिकारी काफ्लेले बताए । रासस

# विदेशबाट पनि श्रम स्वीकृति



**काठमाडौँ ।** विदेशबाट पनि सरकारले श्रम स्वीकृति दिन थालेको छ । मस्कटस्थित नेपाली राजदूतावासले ओमानको सलालाबाट गत शुक्रबारदेखि यस्तो सेवा थालेको हो ।

गत शुक्रबार र शनिबार सलालामा आयोजना भएको राजदूतसँग प्रत्यक्ष संवाद, श्रमिक सचेतना, वित्तीय साक्षरता, सामाजिक सुरक्षा कोषमा आवद्धता तथा पासपोर्ट–कन्सुलरसम्बन्धी विशेष कार्यक्रममा श्रम स्वीकृति पनि प्रदान गरिएका दूतावासले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ ।

विभिन्न माध्यमबाट ओमान पुगेका तर श्रम स्वीकृति नभएका नेपालीलाईराजदूत डोरनाथ अर्याल र वैदेशिक रोजगार विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले संयुक्त रुपमा श्रम स्वीकृति प्रदान गरेका हुन् । त्यस अवसरमा राजदूत अर्यालले नेपाली श्रमिकहरुको हकहित संरक्षणको लागि हरेक किसिमको सहयोग गर्न तत्पर रहेको बताए । महानिर्देशक खत्रीले श्रम स्वीकृति बिना विदेश आउँदा हुने समस्याबारे सचेत गराएको विज्ञप्तिमा उल्लेख छ । रासस

# पर्यटन प्रवर्द्धनका लागि 'टुर दि ठाकुरद्वारा'



**नेपालगञ्ज ।** बाँके र बर्दियाको पर्यटन प्रवद्र्धनका लागि नेपालगञ्जबाट शुरु हुन लागेको साइक्लिङ कार्यक्रमको सबै तयारी पूरा भएको छ ।

'टुर दि ठाकुरद्वारा' नाम दिइएको नेपालगञ्ज साइक्लिङ फेस्टिभलका लागि झापा, धरान, बुटवल, भैरहवा, दाङ, चितवन, काठमाडौँ, ललितपुर भक्तपुर, पाल्पा विराटनगरलगायतका भारतका विभिन्न सहर, जापान र कोरियाबाट साइक्लिङ कार्यक्रममा ११६ जना सहभागी हुने नेपालगञ्ज साइक्लिङ क्लबका अध्यक्ष प्रदीप सापकोटाले जानकारी दिए ।

आगन्तु पाहुनाका लागि आवास र खानाको लागि सबै प्रबन्ध गरिएको जानकारी दिँदै उनले बाँके र बर्दियाका सबै पर्यटकीय गन्तव्यको प्रचारप्रसार गर्नुका साथै उहाँहरुलाई ती स्थानको जानकारी दिइने बताए । सातौँ संस्करणको रुपमा यही माघ २४ देखि २६ गतेसम्म कार्यक्रम हुनेछ ।

अध्यक्ष सापकोटाले बाँकेमा पनि पर्यटन प्रवद्र्धनको प्रचुर सम्भावना रहेकाले 'टुर दि बाँके राष्ट्रिय निकुञ्ज' शुरु गर्न खोजे पनि पर्यटन विकासका लागि पर्यटन पूर्वाधारको विकास नभएकाले करिब तीन सय जनालाई त्यस आसपास क्षेत्रमा आवास नभएकाले व्यवस्थापन गर्न अप्ठेरो परेको बताए ।

उनले नेपालगञ्जमा रहेका धार्मिक सर्किटलाई जोड्दै बाबा बरफानी, सन्तानेश्वर मन्दिर, गोवद्र्धन धाम, सिक्टा ब्यारेज, बाँके राष्ट्रिय निकुञ्जसहित गाभर भ्यालीलगायतका पर्यटकीय गन्तव्यलाई जोड्न कार्यक्रम बनाएर योजनासहित अघि बढ्नुपर्नेमा जोड दिए ।

'टुर दि ठाकुराद्वारा अहिले सबैले चिन्ने छुट्टै ब्रान्ड भएको छ', उनले भने । यसले नेपालभरका साइकल इभेन्टलाई नेतृत्व दिएको उल्लेख गर्दै उनले नेपाल र भारतसहित विदेशसम्म ख्याति कमाएको यो कार्यक्रमलाई 'टुर दि फ्रान्स' बनाउने महत्वाकांक्षा रहेको बताए ।

नेपालगञ्ज आएलगत्तै सबै पाहुनाका लागि खाना र आवासको प्रबन्ध भएको जानकारी दिँदै अध्यक्ष सापकोटाले माघ २६ गतेसम्म बर्दियाको ठाकुरद्वारामा आवासको व्यवस्थापन भएको बताए ।

यहाँका सुविधा सम्पन्न रिसोर्टमा पाहुनाका लागि आवासको व्यवस्थापन गरिएको छ । यस कार्यक्रममा सहभागी हुन नेपालीका लागि तीन हजार पाँच सय रुपैयाँ र विदेशीका लागि फरक दर्ता शुल्क तय भएको आयोजकले जनाएको छ ।

यस कार्यक्रममा कूल २५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको अध्यक्ष सापकोटाको भनाइ छ ।

माघ २४ गते बिहान नेपालगञ्जको बागेश्वरी मन्दिरबाट झाँकीसहित पैदलमार्च हुने र लुम्बिनी प्रदेश सरकारका उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्डविक्रम न्यौपानेले 'टुर दी ठाकुरद्वारा' कार्यक्रमको उद्घाटन गर्ने जनाइएको छ ।

कोहलपुर, केदारेश्वर धाम,सतखलुवा सिमसार क्षेत्र हुँदै बाटोमा रहेका विभिन्न धार्मिक पर्यटकीयस्थल र पर्यटकीय क्षेत्रको भ्रमण गराउँदै ठाकुरद्वारा मन्दिर हुँदै ठाकुरद्वारा पुर्‍याउने कार्यक्रम रहेको छ । रासस

# च्यासल खेल मैदान मर्मत गर्न दुई करोड लाग्ने



**ललितपुर**

ललितपुर महानगरपालिका ९ च्यासलस्थित मनोहरा खोलाकिनारमा रहेको च्यासल खेलमैदान गत असोजमा आएको बाढीले बगरमा परिणत गरेको छ । खेलकुद क्षेत्रका अधिकारीले यसको मर्मतसम्भारका निम्ति तत्काल दुई करोड रुपैयाँ आवश्यक हुने बताएका छन् ।

च्यासल मैदानलाई पहिलेको अवस्थामा फर्काउन दुई करोड रुपैयाँ बजेट आवश्यक पर्ने राष्ट्रिय खेलकुद परिषद् पूर्वाधार निर्माण तथा मर्मत शाखाका इन्जिनियर पूर्ण सुन्दासले बताए । उनले भने, 'बाढीबाट भएको क्षति र मर्मतको लागतबारे अध्ययन गरी प्रतिवेदन तयार गरेका छौँ ।' च्यासल फुटबल क्लबका अध्यक्ष रमेश व्यञ्जनकार ललितपुर महानगरपालिका– ९ वडा कार्यालयको सहयोगमा मैदान व्यवस्थापनको प्रयास भएको बताउँछन् । मैदान मर्मतमा अखिल नेपाल फुटबल संघलगायत सरोकार भएकाहरु मौन रहेकामा उनी दुःखी छन् । खेलकुद परिषद्सँग १० लाख रुपैयाँ माग गरेको, तर हालसम्म निर्णय नभएको उनको कथन छ ।

ललितपुर महानगरपालिका–९ का वडाध्यक्ष राजु महर्जनले अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति र राष्ट्रिय खेलकुद परिषद्को समन्वयमा मैदान मर्मत गरिनुपर्नेमा जोड दिए । दशरथ रंगशालाको विकल्पका रुपमा परिषद्ले २८ करोड रुपैयाँ खर्चेर ०७६ सालमा उक्त मैदान तयार गरेको हो । रासस

# अर्जुन ट्रफी क्रिकेटः काठमाडौँद्वारा बुटवल पराजित



**कैलाली**

धनगढीमा जारी अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगितामा बुधबार भएको पहिलो खेलमा क्रिकेट एक्सलेन्ट सेन्टर काठमाडौँले बुटवललाई पराजित गरेको छ । काठमाडौँले पहिले जित दर्ता गर्ने क्रममा न्यू होराइजन बुटवललाई छ विकेटले हराएको हो । बुटवलले दिएको एक सय एक रनको लक्ष्य पछ्याएको काठमाडौँले १७ गुमाउँदै जित हासिल गरेको हो । काठमाडौँका शुभ कङ्शाकरले नटआउट हुँदै ५६ रन बनाए । उनी प्लेयर अफ द म्याचसमेत घोषित भएका छन् । बुटवलका तुलबहादुर थापाले दुई विकेट लिए । यसअघि धनगढीको फाप्ला क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको बुटवलले २० ओभरमा नौ विकेट गुमाउँदै एक सय रन बनाएको थियो । बुटवलका प्रतीक श्रेष्ठले ३७ रन बनाए । काठमाडौँका राज शाह र सूर्य तामाङले समान तीन÷तीन विकेट लिए ।

यो जितसँगै दुई खेल खेलेको काठमाडौँ दुई अङ्कसहित समूह 'बी' को तेस्रो स्थानमा छ । बुटवल दुई खेलमा दुई अङ्कसहित दोस्रो स्थानमा छ । प्रतियोगितामा देशभरका आठ वटा क्लब सहभागी छन् । विजेताले १० लाख रुपैयाँ र उपविजेताले पाँच लाख रुपैयाँ पुरस्कार पाउने आयोजकले जनाएको छ ।

नेपाल क्रिकेट सङ्घ (क्यान) को वार्षिक क्यालेन्डरमा समावेश भएको यो प्रतियोगिता यही माघ २८ गतेसम्म सञ्चालन हुनेछ । रासस

# रोजगारी सिर्जना गर्दै 'सहकारी'

**दाङ ।** तुलसीपुरस्थित 'हाम्रो पहुँच' बहुउद्देश्यीय सहकारी संस्थाले एक सय बढीलाई रोजगारी प्रदान गरेको छ । चार हजार सात सय शेयर सदस्य रहेको सहकारीले एक सय सात जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको हो ।

संस्थाका अध्यक्ष शुक्रराज भण्डारीले एक सय सात जनाले रोजगारी पाउनुका साथै एक हजार दुई सय उद्यमशीलतामा जोडिएका जानकारी दिए । उनका अनुसार सहकारीले बचत तथा ऋणसहित विद्यालय, पेट्रोलपम्प, डेरी उद्योगसहित विभिन्न छ वटा व्यवसाय सञ्चालन गर्दै आएको छ ।

विसं २०६४ मा स्थापित भएको सहकारीले तुलसीपुर उपमहानगरपालिकाका सबै वडाहरुमा सेवा प्रदान गरिरहेको छ । हाल सहकारीको वार्षिक कारोबार ६० करोड रुपैयाँ रहेको अध्यक्ष भण्डारीले जानकारी दिए । उनका अनुसार आर्थिक वर्ष २०८०/८१ मा मात्रै एक करोड २८ लाख दुई हजार आठ सय ६५ रुपैयाँ खुद बचत छ ।

पछिल्लो समय सहकारी सम्बन्धमा नकारात्मक विषय बढी आउने गरेका भन्दै अध्यक्ष भण्डारीले सकारात्मक र उदाहरणीय काम गरिरहेका सहकारीलाई स्थानीय सरकारले संरक्षण र प्रवद्र्धन गर्न योजनाबद्ध काम गर्नुपर्नेमा जोड दिए । चालु आर्थिक वर्षमा आठ सय नयाँ सदस्य थप्ने लक्ष्य रहेको उल्लेख गर्दै हाल तुलसीपुर उपमहानगरमा मात्रै कार्य क्षेत्र रहेकामा आगामी दिनमा जिल्लाभर विस्तार गर्ने योजना रहेको उनले बताए । रासस

# सङ्घीयता सुदृढीकरण र समावेशिताका लागि संविधान संशोधनमा सहयोग गर्छौं: राजकिशोर यादव

**काठमाडौं ।**
जनता समाजवादी पार्टी नेपालका उपाध्यक्ष एवम् प्रतिनिधिसभा सदस्य राजकिशोर यादवले सङ्घीयतालाई अधिकारसम्पन्न बनाउन, राज्यलाई थप समावेशी तुल्याउन र आर्थिक समृद्धिका लागि सम्भावित क्षेत्र पहिचान गरी चाल्नुपर्ने कदमका कोणबाट आफूहरुले संविधान संशोधन चाहेको बताएका छन् । उनले उक्त प्रस्तावसहित संशोधनसम्बन्धी प्रक्रिया अघि बढाइएमा आफ्नो दलको सहयोग र समर्थन रहने प्रतिबद्धता व्यक्त गरे ।



'विविधतालाई सम्बोधन गर्ने शासन प्रणाली र सङ्घीयतालाई अधिकार सम्पन्न गरौँ हाम्रो चाहना हो, सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँड र समन्वयको स्पष्ट खाका हुनुपर्छ', उपाध्यक्ष यादवले भने, 'राज्यप्रति अपनत्व बढाउन समावेशिताको दायरा फराकिलो बनाएर लैजानुपर्छ ।' विसं २०४६ को प्रजातन्त्र पुनःस्थापनाका लागि भएको जनआन्दोलनमा सक्रिय रहनुभएका नेता यादवले विसं २०६२÷६३ र मधेश आन्दोलनमा योगदान गरे । विसं २०६४ मा संविधान सदस्य, विसं २०६८ मा सञ्चार तथा सूचना प्रविधिमन्त्री भइसकेका उनी हाल प्रतिनिधिसभा, अन्तर्राष्ट्रियसम्बन्ध तथा पर्यटन समिति सभापति हुन् । नेता यादवसँग 'सांसदसँग रासस संवाद'का लागि राससका उपप्रमुख समाचारदाता नारायण न्यौपानेले लिएको अन्तर्वार्ताको सम्पादित अंश ।

**माननीय ज्यू, पछिल्लो समय के मा व्यस्त हुनुहुन्छ ?**
पार्टीको कार्यकारिणी परिषद् बैठक भर्खर सम्पन्न भएको छ । बैठकमा पार्टीको आन्तरिक जीवन, सङ्गठन सुदृढीकरण, राष्ट्रिय÷अन्तर्राष्ट्रिय परिस्थिति र चुनौतिका बारेमा गहिरोसँग छलफल भएको छ । अर्कोतर्फ यही माघ १८ गतेदेखि सङ्घीय संसद्को हिउँदे अधिवेशन पनि सुरु भएको छ । एउटा सांसदका हैसियतमा त्यसमा पनि व्यस्त रहने कुरा भयो । तेस्रो, संसदीय समितिको बैठक पनि नियमितरुपमा भइरहेकै छ । समग्रमा भन्नुपर्दा अहिले संसद्का गतिविधि र पार्टी सङ्गठनका काममा व्यस्त छु ।

भर्खरै सम्पन्न भएको पार्टीको बैठक के विषयमा केन्द्रित रह्यो ?
यस पटकको बैठक मुलतः सङ्गठनमै केन्द्रित भयो । छ महिनादेखि 'जनतासँग जसपा आधारभूत सङ्गठन निर्माण अभियान' सञ्चालन भइरहेको छ । त्यस अभियानको विहङ्गम छलफल गरी त्यसको प्रभाव र जनताको प्रतिक्रिया कस्तो रह्यो भन्नेबारे समीक्षा गरियो । सङ्गठनलाई अझै चुस्तदुरुस्त बनाइ सुदृढीकरण र जनतामा जाँदा आएका समस्या व्यवस्थापनबारे गहन छलफल भयो । वैकल्पिक शक्तिका रुपमा रहेको जसपाले देशको राष्ट्रिय राजनीति जुन दिशामा गइरहेको छ त्यसलाई कसरी लिने र अघि बढ्ने भन्ने विषयमा केन्द्रित भई छलफल भयो ।

**देशका पछिल्लो राजनीतिक अभ्यासलाई यहाँले कसरी हेर्नुभएको छ ?**
नेपालको पछिल्लो राजनीतिक घटनाक्रमलाई नियाल्दा विचार र सिद्धान्तबाट दलहरुमा विचलन आएको देखिन्छ । जनसरोकारका विषयभन्दा दल र त्यसका नेता आफ्नो गुटलाई कसरी लाभ पुर्‍याउने र रक्षा गर्ने भन्ने पक्षमै केन्द्रित रहेको पाइन्छ । समग्रतामा मुलुक बनाउने, जनताको रक्षा गर्ने, जायज विषय सम्बोधन गर्ने तथा आर्थिक वृद्धि हासिल गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने, कमजोर अवस्थामा रहेको सुशासनमा सुधार ल्याउने विषय प्राथमिकतामा हुनुपर्ने हो, तर त्यो ओझेलमा परेको छ । कृषिजन्य उपजसमेत विदेशबाट महँगोमा किनेर भान्सा चलाउनुपर्ने अवस्था छ । युवा बेरोजगारी समस्या त्यस्तै छ । शिक्षाकोस्तर खस्केको छ भने त्यो केका लागि भन्ने प्रश्न उब्जिएको छ । यस्ता विषयलाई सम्बोधन गरेर जानु पर्थ्यो त्यो भइरहेको छैन ।

**गाउँघर र जनतामा जाँदा तपाईंले कस्तो प्रतिक्रिया र टिप्पणी पाउनु भएको छ ?**
एकअर्काबीच सहयोग, भाइचारा, प्रेम र सद्भावमा रहने नेपाली समाजको विशेषता हो । तर अहिले विधि र प्रक्रियाभन्दा बाहिर गएर पछिल्लो समय जो जहाँ छ, पेलेर जाने व्यक्ति र आत्मकेन्द्रित अवस्था छ । पछिल्लो समय देशको राष्ट्रिय राजनीति गलत बाटोमा अघि बढिरहेको छ । र त्यसको प्रभावस्वरुप आमजनतामा निराशा छ । अर्कोतिर जबरर्जस्ती नेपालमा भविष्य छैन, हामी उँभो लाग्दैनौं भन्ने कोणबाट नकारात्मक भाव फैल्याउने कोसिस भइरहेको छ । अहिले सार्वजनिकस्थलका कुरा सुन्दा नकारात्मकतातिर उन्मुख छ । राजनीतिक दल, नेता र नेतृत्वप्रति गालीगलौज तथा तुच्छ शब्दवाण प्रयोग भइरहेको छ । सरकारमा पनि प्रभावकारी काम गर्ने ल्याकत र इच्छाशक्ति देखिएन । अर्कोतर्फ समाज पनि गलत बाटोतर्फ गयो कि भन्ने चिन्ता लागेको छ ।

**अहिले संविधान संशोधनको विषय चर्चामा छ, यसमा तपाईंको पार्टीको धारणा के हो ?**
वर्तमान सरकार बन्नेक्रममा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच सातबुँदे सहमति भएको थियो । देशका पहिलो र दोस्रो ठूलो दल मिलेर सरकार गठन गर्ने विषय लोकतन्त्र, संसदीय अभ्यास र परम्पराका दृष्टिबाट सामान्य होइन । राष्ट्रिय सङ्कटको अवस्थामा हुनसक्ने घटनाको अपवादका रुपमा दुई ठूला दलको सरकार बनेको छ । राजनीतिक स्थिरता कायम गर्न, आर्थिक क्षेत्रलाई चलायमान बनाउन, सुशासन कायम गर्न र हालको निराशालाई चिर्न वर्तमान सरकार गठन गरिएको भनियो । गणितीय हिसाबले सरकार मजबुद् देखिए पनि संविधान सशोधनलगायत कतिपय विषयमा गम्भीरता पाइन्न । अर्को, संविधान जारी गर्ने बेलामै हामी केही प्रावधानका विषयलाई लिएर विरोधमा थियौँ । संविधानले अधिकार, पहिचान, आर्थिक समृद्धिलगायतलाई सम्बोधन गर्न सक्दैन भन्ने हाम्रो तत्कालीन निचोड थियो ।

**तपाईंहरुले चाहेको संविधान संशोधन कस्तो हो ?**
पृथ्वीनारायण शाहको दिव्योपदेशमा त्यतिबेलै 'नेपाल चार वर्ण, छत्तीस जातको साझा फूलबारी हो, यो सबैलाई चेतना भया' भन्ने उल्लेख छ । नेपालमा सांस्कृतिक, धार्मिक, भौगोलिकरुपमा विविधतायुक्त समाज छ । यी हाम्रा सम्पत्ति हुन् । त्यसलाई संरक्षण गर्नुपर्नेमा नेताहरुले त्यसको महत्वलाई बुझ्न सकिरहेको देखिन्न । प्राकृतिक स्रोतसाधनको सम्पन्नताको हिसाबले नेपालले आर्थिक रुपमा फड्को मार्नुपर्ने हो, तर त्यसो भइरहेको छैन । हामीले आन्दोलनको उपलब्धिको अपनत्व हुने खालको साझा संविधान खोजेका हौँ । विविधतालाई सम्बोधन गर्ने शासन प्रणाली र सङ्घीयतालाई अधिकारसम्पन्न गरौँ भन्ने हो । सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँड र समन्वयको स्पष्ट खाका हुनुपर्छ । राज्य सबैको बनाउन समावेशिताको दायरालाई फराकिलो बनाउन तथा आर्थिकरुपमा सम्भावना देखिएका क्षेत्रको पहिचान गरी अघि बढाउँ भनेका हौँ । मुलतः सङ्घीयतालाई अधिकारसम्पन्न र राज्यलाई अझै समावेशी बनाउने तथा आर्थिक समृद्धिका लागि चाल्नुपर्ने कदमका कोणबाट हामीले संविधान संशोधन खोजका हौँ । संविधान संशोधन अहिले गफमा सीमित छ । एजेण्डाकै रुपमा ल्याइसकेको अवस्था छैन । त्यो पाटोबाट संशोधन ल्याइएमा हामी अघि बढाउन सहयोग पुर्‍याउछौँ ।

**मधेश केन्द्रित दलबीच सहकार्य र एकतासम्मका विषय उठेका छन्, अहिले यो कुन अवस्थामा छ, कसरी अघि बढ्न खोजिरहनुभएको छ ?**
लोकतान्त्रिक र पहिचानवादी मोर्चा बनाउन आठ दलबीच विश्वासको वातावरण बनाउँदै ध्रुवीकरण गर्दै बृहद् मोर्चाबन्दीका साथ एकतासम्म पुग्ने अभ्यास शुरु भएको छ । त्यसका लागि तीन वटा औपचारिक बैठक भइसकेका छन् । मोर्चाका सम्बन्धमा गठित कार्यदलले लक्ष्य र सञ्चालन अवधारणापत्र तयार गर्दैछ । साझा मुद्दा पहिचान गर्ने कार्यदेश छ । विचार र सिद्धान्तमा आधारित देशकै वैकल्पिक लोकतान्त्रिक शक्ति बनाई नेपाललाई आर्थिक समुन्नत तुल्याउने मुख्य ध्येय छ ।
हिजोको जस्तो तराई÷मधेस मात्र नभइ सम्पूर्ण नेपालीको कल्याणका लागि काम गर्ने अठोट गरेका छौँ । देशमा रहेका साधन स्रोतको प्रचुर उपयोग गर्दै युवा पुस्तालाई स्वदेशमै रहने वातारण सिर्जना गर्न मोर्चा लागि पर्नेछ ।

**तराई/मधेशको खास मुद्दा के हो ?**
नेपाल सबै जातजातिको साझा फूलबारी हो । हामी नेपाली कम देशभक्त होइनौँ । तराईंकै भएका कारण विभेद गरिनु भएन । राज्यले जात, धर्म र समुदायका आधारमा विभेद गरिनु हुन्न भन्ने मुख्य मुद्दा हो । त्यो व्यवहारमा उतार्न अरु सरह राज्य संयन्त्रमा सहभागिता सुनिश्चित हुनुपर्छ भन्ने हो ।

**सरकार गठनसँगै कूटनीति अभ्यासको फेरबदल भइरह्यो भन्ने आरोप छ, अनि छिमेकीलाई हेर्नपर्ने दृष्टिकोण कस्तो हुनुपर्छ ?**
हो, विगतमा नेपालले कूटनीति क्षेत्रमा विश्वमै हासिल गरेको छवी घटेको छ । हिजो हाम्रो गौरवशाली इतिहास थियो । विश्वमै गोर्खाली साहसिक, वीर र इमान्दार भनेर चिनिन्छन् । पछिल्ला समय नेतृत्वले देशको भन्दा दलको परराष्ट्र नीति बनाउन खोज्दा छिमेकीसँगसमेत विश्वास घट्न पुगेको अवस्था छ । दल विशेषका आधारमा छिमेकीलाई हेर्ने प्रवृत्तिले देशको हित हुन सक्दैन । परराष्ट्र नीति भनेको देशको बनाउनुपर्छ । राष्ट्रहितमा साझा नीति र दलभन्दा माथि उठ्नुपर्छ । गुमेको साख फर्काउन नेता जिम्मेवार हुनुपर्छ । सरकार अब विदेश नीतिमा मात्र होइन, लिइने आर्थिक नीतिकाबारे पनि 'बोल्ड' भएर आउनपर्छ ।

**विगतमा सरकारमा पनि रहेर काम गर्नुभयो, अनुभवका हिसाबले सरकार भनेको के रहेछ ?**
शक्ति पृथकीकरणको सिद्धान्तअनुरुप कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका संविधान र कानुनले व्यवस्था गरेअनुरुप योजना बनाउने र कार्यान्वयन गर्ने संयन्त्र हो । समाजका सबै समस्या विधिभित्र रहेर सम्बोधन गर्ने निकायकारुपमा सरकारलाई बुझेको छु ।

**राज्यप्रति युवापुस्तालाई विश्वास दिलाउने मामिलामा कहाँ के–कस्तो कमजोरी भइरहेको छ, जस्तो लाग्छ ?**
राज्यसत्ता सञ्चालनको गलत अभ्यासको परिणामकारुपमा यो समस्या देखिएको छ । रोजगार, उद्योगधन्दा, कृषि, शिक्षा, स्वास्थ्यक्षेत्रमा प्रगति भएको देखिएमा जनतामा आशा पलाउँछ, त्यो अहिले कमजोर बन्न पुगेको छ । जनतादेखि प्रधानमन्त्रीसम्म कोही पनि सन्तुष्ट छैनन् । राज्यका निर्णय ठिक भएन भने समाजमा त्यसका असर परिरहन्छ । दुष्प्रभाव देखिरहन्छ । त्यो भएर युवामा नकारात्मक भाव उत्पन्न गरेको र सपना मरेको अवस्था छ ।

**भ्रष्टाचार नियन्त्रण, सुशासन र सेवा प्रवाहमा देखिएका समस्यालाई यहाँले कसरी लिनुभएको छ ?**
जनताले घरबाट निस्कना साथ समस्या झेल्नुपर्छ । राज्य व्यवस्थाको कार्यप्रकृति नै दुःख दिने खालको छ । भ्रष्टाचारीपनि कुन दलको हो त्यो आधारमा कारबाही हुने जस्तो भएमा कसरी निर्मूल हुन्छ ? सरकारले सबै चर्चामा आएको काण्डमाथि छानबिन गर्नुपर्छ । निक्ष्योल गरेर जानुपर्छ । सरकारले जनविश्वास आर्जन गर्ने हो भने सर्वोच्च अदालतको न्यायाधीशको नेतृत्वमा आयोग गठन गरेर छानबिन गर्नुपर्छ ।

**निर्वाचन प्रणाली खर्चिलो भयो, यसले पनि भ्रष्टाचार बढायो भन्ने सुनिन्छ, यस्तो हो र ?**
निर्वाचन प्रणाली खर्चिलो भएको यथार्थ हो, तर भ्रष्टाचारको जननी यो हो जस्तो लाग्दैन । हाम्रो चिन्तन नै गलत छ । विधि, प्रक्रिया पारदर्शी र सबैलाई जिम्मेवार बनाएरमा अनावश्यक लाल्छना हट्छ । अहिले सबै राजनीतिमा आउन खोज्छन्, पहिले राजनीतिलाई सेवाका रुपमा लिइन्थ्यो, अहिले राजनीति आयस्रोत र पेसा व्यवसाय बन्न पुगको छ । व्यापारी पनि राजनीतिमा आउन थाले । सबै स्रोतको केन्द्र राजनीति बन्न पुग्यो । आर्थिकरुपमा अवसर दिनुपर्छ । विदेश जान रोक्ने हो भने यहाँ विकल्प तयार गरिदिनुपर्छ । नेपालको कुल गार्हस्थ्य उत्पादन बढाउनुपर्छ । विकल्प तयार नभइ युवा पलायन रोक्न सकिन्न ।

**जनतालाई आशा दिलाउने यहाँका केही सन्देश छन् त ?**
फराकिलो चिन्तनका साथ देश र समाज बदल्ने दिशातर्फ हामी सबै उन्मुख हुनुपर्छ । पार्टी समुदायभन्दा माथि उठेर जो कोहीबाट पनि गलत काम भएमा प्रश्न गर्नुपर्छ । त्यो कोणबाट जनता जाग्नुपर्छ । जनप्रतिनिधिका नाताले म आफ्ना जीवनकालमै छाती फुलाएर, शीर उठाएर नेपालभन्दा गौरव गर्ने परिस्थिति सिर्जना गर्न लाग्छु । नेपाललाई समृद्ध र सबैको बनाउने अभियानमा जुट्नेछु । जनताको मुद्दा सदनदेखि सडकसम्म बुलन्द गर्न इमान्दार प्रयास गर्नेछु । त्यसमा सबैका साथ र सहयोग अपेक्षा छ । दिन टाढा छैन, छोटो समयमै समृद्ध गर्न सकिन्छ ।

# संसदीय पत्रकार समाज गठन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संसदीय पत्रकारिता गर्दै आएका पत्रकारहरुको भेलाले संसदीय मामिला पत्रकार समाज गठन गरेको छ । बुधबार नेपाल पत्रकार महासंघ धनुषाको सभाकक्षमा सम्पन्न भएको पत्रकारहरुको भेलाले छलफल र परामर्शपछि ११ सदस्यीय कार्यसमिति चयन गरिएको हो । कार्यसमितिमा वीरेन्द्र रमणलाई अध्यक्षको जिम्मेवारी दिइएको छ भने हदिस खुद्दारलाई उपाध्यक्षको रूपमा चयन गरिएको छ । सचिव पदमा विकास कुमार साह चयन भएका छन् भने सह–सचिवको जिम्मेवारी कमलेश कुमार ठाकुरले सम्हाल्ने भएका छन् । कोषाध्यक्षको पदमा लक्ष्मी चौधरी चयन भएकी छन् । अन्य सदस्यहरूमा नविन सिंह, संजय साह, चाँदनी झा, माला राय, राजा झा र संजय यादवलाई चयन गरिएको छ । यी सबै सदस्यहरूले संगठनलाई मजबुत बनाउन र संसदीय मामिलामा सशक्त पत्रकारिता गर्न योगदान दिने विश्वास गरिएको छ । सल्लाहकार समितिमा नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साह, मनिका झा, अजित तिवारी, श्रीनारायण साह, अजय झा, सुरेश यादव र धिरेन्द्र साह चयन भएका छन् ।

# ट्रकले स्कुटरलाई ठक्कर दिँदा दुईजना घाईते

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज पथलैया सडक खण्डको गण्डकमा बुधबार दिउँसो मालवाहक ट्रकले स्कुटरलाई ठक्कर दिँदा दुईजना घाईते भएका छन् ।

घाईते हुनेमा बाराको प्रसौनी गाउँपालिका वडा नम्बर ४ बस्ने बर्ष २५ की मधु शुक्ला र स्कुटर चालक मकवानपुरको हेटौंडा उपमहानगरपालिका ५ बस्ने बर्ष २३ की दिक्षा गुरुङ रहेका छन् । परवानीपुरबाट वीरगंजको बसपार्कतर्फ उनीहरु चढेर आईरहेको ना ५१ प ८४२५ नम्बरको स्कुटरलाई सोही दिसाबाट आईरहेको प्र.२ ००१ ख ७९८८ नम्बरको ट्रकले वीरगंज महानगरपालिका वडा नम्बर १४ गण्डकमा पछाडिबाट ठक्कर दिँदा उनीहरु घाईते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी निरीक्षक लोकराज भट्टले जानकारी दिए । मधु शुक्ला गम्भी घाईते र दिक्षा भने सामान्य घाईते भएको उनले बताए ।

घाईतेहरुलाई उपचारका लागि वीरगंज हेल्थ केयर अस्पतालमा राखिएको छ । ठक्कर दिने ट्रक चालक मकवानपुरको हेटौंडा १५ बस्ने बर्ष ३० का पुणसिंह लो लाई प्रहरीले बाईपासबाट नियन्त्रणमा लिएको छ ।

# प्रशासनको सक्रियतामा बिना कर्फ्यू मूर्ति बिसर्जन

**सञ्जय मिश्रा**
**रौतहट ।**
स्थानीय प्रहरी प्रशासनको सक्रियताले बिना कफ्र्यू रौतहटको दक्षिणीभेग भारतीय सिमाना संग जोडिएको ईशनाथ नगरक्षेत्र अन्तर्गत सरस्वतीको मूर्ति बिसर्जन गरिएको छ । रौतहटका सिडिओ हिरालाल रेग्मी, नेपाली सेनाका कर्णेल किशोर कुमार अधिकारी, नेपाल प्रहरीका एसपी दिलीप घिमिरे, सशस्त्रका एसपी बिक्रम हुमागाईं र राष्ट्रिय अनुसन्धनका एसपी अभिनय कुमार सिंहको उपस्थितिमा बुधवार ईशनाथ नगरपालिका ६ र ७ स्थित दुई र अन्य दुई गरी ४ विद्यालयको सरस्वतीको मूर्ति बिसर्जन गरिएको हो । गत वर्ष यही दुई विद्यालयको मूर्ति बिसर्जन गर्न



स्थानीय प्रशासनले ४ दिन सम्म कफ्र्यू लगाएर ठूलो जनशक्ती परिचालन गरिएको थियो । जिल्लाका सुरक्षा अधिकारीहरुको उपस्थिति तथा सैयौं प्रहरी परिचालन गरी ईशनाथ ७ बड़का घिउरा गाउँ स्थित बिपी कोइराला आदर्श प्रावि र वडा ६ शिव मन्दिर नजिकै रहेको आधारभूत विद्यालयको मूर्ति गाउँको उत्तरपट्टि रहेको पोखरीमा दिउँसो ३ बजे बिसर्जन गरिएको एसपी घिमिरेले बताएका छन्। मूर्ति बिसर्जन गर्नु अघी सुरक्षा अधिकारीहरुले हिन्दू तथा मुस्लिम पक्षका स्थानिय अगुवाहरू संग छलफल गरेका थिए। हिन्दू अगुवा संगको छलफलमा मूर्ति बिसर्जन गर्न जानेक्रममा अश्लिल भोजपुरी गीतमा डिजे नबजाई कसैलाई असर नपर्ने गरी शान्ती सुरक्षा साथ बिसर्जन गर्ने सहमती भएको थियो। त्यसैगरी मुस्लिम अगुवा संगको छलफलमा यसै बर्ष केही महिना अघि पुर्ण शान्तिका साथ बिना अवरोध महाबिरी झण्डा जान दिएर ४१ बर्षको रेकर्ड तोडिएको जस्तै सरस्वती मूर्ति जान दिएर अर्को रेकर्ड कायम गर्ने सहमती भएको एसपी घिमिरेले जानकारी दिएका छन् । सुरक्षा अधिकारीहरुको पहल तथा सक्रियताले घिउरा गाउँको दुई, मोतिपुर गाउँको एक र राजपुर गाउँ स्थित एक गरी संवेदनशील ४ विद्यालयमा पूजाको लागि बनाईएको सरस्वतीका मुर्ति बुधबार सहज रुपमा बिसर्जन गरिएको सिडिओ हिरालाल रेग्मीले बताए । प्रत्येक बर्ष झैं यस पटक पनि सरस्वतीको मूर्ति बिसर्जनको क्रममा सम्प्रदायिक विवाद नहोस भनेर स्थानीय प्रशासनले बिहानै देखि पूर्ण रूपमा सक्रियता देखाएको थियो । मूर्ति बिसर्जनको क्रममा कुनै अप्रिय घटना हुन नदिन उक्त क्षेत्रमा २५० जना नेपाल प्रहरी ,२०० बढी सशस्त्र प्रहरी परिचालन गरिएको थियो । सिडिओ रेग्मी सहित रौतहट स्थित यही सुरक्षा अधिकारीको नेतृत्वमा केही महिना अघि घिउरा गाउँमा शान्ती पूर्ण तरिकाले महाबीरी झण्डा निकालेर ४१ बर्षको रेकर्ड ब्रेक गरिएको थियो । त्यसैगरी बुधबार पनि सुरक्षा अधिकारीको सक्रियताले ईशनाथ र राजपुरमा बिना रोकटोक सरस्वतीको मूर्ति बिसर्जन हुँदा दुवै समुदायका मानिस खुसी भएका छन् । यस अघि प्रत्येक बर्ष महाबिरी झण्डा र सरस्वतीको मूर्ति बिसर्जनको क्रममा अश्लिल भोजपुरी गीतमा डिजे बाजा बजाएको लगायत बिभिन्न निहुँमा सम्प्रदायिक विवाद हुँदा कैयौं दिनसम्म कफ्र्यू लगाउनुका साथै जिल्लादेखि प्रदेशसम्मका सुरक्षा प्रमुखहरु उक्त क्षेत्रमा केन्द्रित हुनेगरेका थिए ।

# आन्तरिक राजस्व कार्यालय वीरगंजद्वारा छ महिनामा चार अर्ब राजस्व सङ्कलन

**मधेशदृष्टि**
**वीरगंज ।**
आन्तरिक राजस्व कार्यालय वीरगंजले चालु आर्थिक वर्षको छ महिनाको अवधिमा चार अर्ब २० करोड ६९ लाख ५६ हजार राजस्व सङ्कलन गरेको छ । कार्यालयले गत आवको छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने एक अर्ब चार करोड ३७ लाख बढी राजस्व सङ्कलन गरेको हो । आन्तरिक राजस्व कार्यालय वीरगञ्जका कार्यालय प्रमुख टिकाराज चौलागाईले गत आवको तुलनामा चालु आवमा राजस्व सङ्कलन उत्साहजनक रहेको जानकारी दिए । 'चालु आवको छ महिनाको अवधिमा अन्तःशुल्क मदिरातर्फको राजस्व सङ्कलनमा वृद्धि भएको छ,' उनले भने । कार्यालयले चालु आवको छ महिनाको अवधिमा अन्तःशुल्क मदिरातर्फ एक अर्ब ४६ करोड ७३ लाख राजस्व सङ्कलन गरेको छ । जबकी गत आवको सोही अवधिमा भने अन्तः शुल्क मदिरातर्फ भने ९२ करोड ८७ लाख राजस्व सङ्कलन गरेको थियो । कार्यालयले चालु आवको छ महिनाकै अवधिमा अन्तःशुल्क अन्य औद्योगिक उत्पादनतर्फ भने ३१ करोड ९० लाख राजस्व सङ्कलन गरेको छ । गत आवको सोही अवधिमा भने १८ करोड ७३ लाख रकम अन्तःशुल्क अन्य औद्योगिकतर्फ राजस्व सङ्कलन गरेको थियो । कार्यालयले चालु आवमा आयकर प्राइभेट लिमिटेडतर्फ भने २३ करोड ३६ लाख राजस्व सङ्कलन गरेको छ । जबकी गत आवको सोही अवधिमा भने १६ करोड ९८ लाख राजस्व सङ्कलन गरेको थियो । चालु आवको छ महिनाको अवधिमा आयकर व्यक्तिगत वा एकलौटी तर्फबाट ८७ करोड ६४ लाख राजस्व सङ्कलन ग¥यो भने गत आवको सोही अवधिमा भने ४७ करोड १२ लाख ५५ हजार राजस्व सङ्कलन गरेको थियो ।

# पहिलो छ महिनामा ३ हजार बढीले लिए राहदानी

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्ला प्रशासन कार्यालयबाट चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो छ महिनामा मात्रै ३ हजार ७७१ जनाले राहदानी (पासपोर्ट) प्राप्त गरेका छन् । तीमध्ये सबैभन्दा बढी पुष महिनामा ९२३ जनाले पासपोर्ट लिएका छन् भने मंसिर महिनामा सबैभन्दा कम २३५ राहदानी वितरण गरिएको छ । जिल्ला प्रशासन कार्यालय पर्साका प्रवक्ता तथा सहायक प्रमुख जिल्ला अधिकारी सुमन कुमार कार्कीका अनुसार चालु आर्थिक वर्षमा पर्साबाट राहदानी लिनेको संख्यामा क्रमिक वृद्धि देखिएको छ । साउनदेखि पुषसम्मको विवरण हेर्दा साउनमा ६९०, भदौमा ७१०, असोजमा ५५६, कार्तिकमा ६५७, मंसिरमा २३५ तथा पुष महिनामा ९२३ जनाले राहदानी लिएका छन् ।









मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन